'ह्रस्व दीर्घ'मा नीताको पिता बन्न नेपाल आइपुगे 'गजनी' मिलेन पृष्ठ ४ मा

जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २५ •अंक २१२ • २०८० साल पुस १४ गते शनिबार (30 December, Saturday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।–

मुख्यमन्त्रीहरुले प्रधानमन्त्रीलाई साझा धारणा बुझाउने

टुडे समाचारदाता

हेटौँडा । संविधानमा व्यवस्था भएको तहगत अधिकारका बारेमा छलफल गर्न हेटौँडामा भेला भएका सातै प्रदेशका मुख्यमन्त्रीहरुले शनिबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई भेटगरी साझा धारणा बुझाउने भएका छन् ।

सातै प्रदेशका मुख्यमन्त्रीको बैठकले संविधानमा भएको तहगत अधिकारको बारेमा साझा धारणा बुझाउने निर्णय गरेको छ । बैठकपछि आयोजित पत्रकार सम्मेलनमा मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बैठकले संविधानमा भएका प्रदेशको अधिकार सम्बन्धमा नौ बुँदे साझा सहमति बनाएको जानकारी दिए ।

उनले बैठकबाट निर्णयभएका साझा धारणा शनिवार बिहान ८ बजे प्रधानमन्त्री प्रचण्डलाई भेटर बुझाउने गरी कार्यक्रम तय भएको जानकारी दिए । सङ्घीय सरकारले विगतमा गरेका प्रतिबद्धता कार्यान्वयन सन्तोषजनक नभएको बताउँदै सरकारलाई दवाव दिने र कार्यान्वयन नगरेमा आन्दोलन गर्ने उनीहरुको चेतावनी छ ।

मधेश प्रदेश सरकारले विगतमा पटक पटक संघ सरकारलाई अधिकार प्रत्यायोजन गर्न आग्रह गरे पनि सरकार अटेर गर्दै आएको छ । प्रहरी समायोजन र निजामती कर्मचारी प्रदेश सरकार मातहतमा आउनुपर्ने माग गर्दै मधेश प्रदेश सरकार संघीय सरकारसंग माग गर्दै आएको छ । तर, विभिन्न बहाना बनाइ संघ सरकार सो अधिकार प्रत्यायोजन गर्न नचाहेको मधेश प्रदेश सरकारको निश्कर्ष छ ।

मधेश प्रदेश सरकारले आन्दोलनको चेतावनी दिँदा समेत संघीय सरकार नसुनेपछि मधेश प्रदेश सरकारकै पहलमा शुक्रबार हेटौडामा सातै प्रदेशका मुख्यमन्त्रीहरु भेला भएका थिए । सवै प्रदेशका मुख्यमन्त्रीको एउटै धारणा हुँदा समेत संघ सरकार अटेर गरेपछि आन्दोलनका कार्यक्रम तय हुने बैठकमा सहभागी मेधेश प्रदेशका मुख्यमन्त्री यादवले बताए ।

जनयुद्ध दिवस' को सार्वजनिक बिदा सर्वोच्च अदालतद्वारा बदर

टुडे समाचारदाता

काठमाण्डु । 'जनयुद्ध दिवस'को अवसरमा सरकारले दिँदै आएको सार्वजनिक बिदाको निर्णय सर्वोच्च अदालतले बदर गरिदिएको छ । ज्ञानेन्द्रराज आरनले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र महेश शर्मा पौडेलको संयुक्त इजलासले शुक्रबार 'जनयुद्ध दिवस'मा विदा दिने सरकारी निर्णय बदर गरेको छ ।

आदेशमा भनिएको छ, 'जनयुद्ध दिवसको अवसरमा भनी देशभर सार्वजनिक बिदा दिने नेपाल सरकारको मिति २०७९ माघ २९ को निर्णय नेपाल राजपत्र भाग ५ खण्ड ७२ संख्या ६५ मिति २०७९।१२।२ मा प्रकाशित सूचना एवम् सो सन्दर्भमा विभिन्न प्रदेश सरकारबाट भएका निर्णय र सूचनाहरूसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिएको छ ।'

तत्कालीन नेकपा माओवादीले थालेको सशस्त्र युद्ध सुरु भएको दिन २०५२ साल फागुन १ गतेको सम्झनामा सरकारले गत वर्षदेखि सार्वजनिक बिदा दिने निर्णय गरेको थियो ।

सन्दीप लामिछाने दोषी ठहर

टुडे समाचारदाता

काठमाण्डु । जबरजस्ती करणीको मुद्दामा क्रिकेटर सन्दीप लामिछाने दोषी ठहर भएका छन् । जिल्ला अदालत काठमाण्डुका न्यायाधीश शिशिरराज ढकालको इजलासले क्रिकेटर लामिछानेलाई बलात्कार मुद्दामा दोषी ठहर गरेको छ ।

यस्तै सजाय निर्धारणका लागि पुस २५ गते पेसी तोकिएको छ । अदालतले किशोरी साबालक रहेको ठहर गरेको छ । किशोरीको उमेर वारदातको समयमा १८ वर्ष पुगेको अदालतले ठहर गरेको हृयव ।

लामिछानेलाई मुलुकी अपराध संहिता २०७४ को दफा २१९ को ३ ङ बमोजिम ७ देखि १० वर्ष कैद हुन सक्ने जनाइएको छ ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)

ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा

डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन

☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

समस्या
हातखुट्टा झमझमाउने

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र काम्नु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिड्दा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)

टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

हंसपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बघचौडा, धनुषा
मधेश प्रदेश, नेपाल

जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्शा पास गरौं ।
- घर निर्माण गर्दा भुकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सो को पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भुमिका निर्वाह गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालार्य बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।
- स्वस्थ्य रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाब गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिक रुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

आवश्यकता

यस अंजनी सुइटका लागि तपसिलका कर्मचारीको आवश्यकता भएकोले सो पदमा कार्य गर्ने इच्छुक महानुभावहरुले सम्पर्क गर्न हुन जानकारी गराईन्छ ।

सि. नं.	पद	संख्या	कैफियत
१.	लेखापाल (पुरुष/महिला)	१ (एक)	कम्प्युटरको शीप भएको
२.	रिसेपनिष्ट (महिला)	केही	कम्प्युटरको शीप भएका

सम्पर्क नं.
९८५४०३०५०२,
९८५४०२७५९१

ANJANI SUITE

विशेषताहरू
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

ANJANI SUITE



ललितपुरको बालकुमारीमा शुक्रबार आगजनी गरिएको भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाको सवारीसाधन। *तस्बिर : रासस*

बालकुमारी घटनाको छानबिन गर्न समिति गठन

टुडे समाचारदाता

काठमाण्डु । कोरिया जानका लागि चाहिने रोजगार अनुमति प्रणाली (इपिएस) परीक्षा दिन नपाएका युवाहरुको प्रदर्शन, झडप र दुई जनाको मृत्युको घटनाको छानबिन गर्न गृहमन्त्रालयले तीन सदस्यीय छानबिन समिति गठन गरेको छ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक (डिआइजी) लालमणि आचार्यको नेतृत्वमा बनाइएको समितिमा ललितपुरका सहायक प्रमुख जिल्ला अधिकारी अमरदीप सुनुवार र राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक वासु सिग्देल सदस्य छन् ।

कान्तिपुर

समितिलाई सात दिनभित्र सत्यतथ्य छानबिन गरी प्रतिवेदन बुझाउने गरी जिम्मेवारी दिइएको गृहमन्त्रालयद्वारा आज जारी विज्ञप्तिमा छ।

विज्ञप्तिमा इपिएस परीक्षा फारम भर्ने विषयलाई लिएर त्यहाँ जम्मा भएका व्यक्तिहरुको प्रदर्शन, अवरोध, तोडफोड, आगजनी, आर्थिक, भौतिक, एवं मानवीय क्षतिप्रति गृहमन्त्रालयले दुःख व्यक्त गरेको छ।

पुस १६ देखि निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने

टुडे समाचारदाता

काठमाण्डु । आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि नियुक्त निर्वाचन अधिकृतले यही पुस १६ गतेदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्दैछन् ।

Photo : RSS

निर्वाचन आयोगले राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ७ बमोजिम सात जिल्लाका जिल्ला न्यायाधीशलाई यही पुस १६ गतेदेखि लागू हुने गरी बिहीबार निर्वाचन अधिकृतका रुपमा नियुक्त गरेको थियो । ती अधिकृतले सम्बन्धित प्रदेशमा प्रदेश निर्वाचन कार्यालयअन्तर्गत निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नुपर्ने कार्यक्रम रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले जानकारी दिनुभयो ।

आयोगले कोशी प्रदेशमा मोरङका दुर्गाप्रसाद ढुङ्गेल, मधेसमा धनुषाका नारायणप्रसाद सुवेदी, बागमतीमा मकवानपुरका महेन्द्रबहादुर कार्की, गण्डकीमा कास्कीका केशवप्रसाद बास्तोला, लुम्बिनीमा दाङका कृपासुर कार्की, कर्णालीमा सुर्खेतका विष्णुप्रसाद अर्याल र सुदूरपश्चिम प्रदेशमा कैलालीका जिल्ला न्यायाधीश ओमप्रसाद अर्याल नियुक्त गरेको छ।

राष्ट्रियसभा निर्वाचनका लागि यही पुस २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ताको कार्यक्रम रहेको छ।

आगामी फागुन २० गतेदेखि राष्ट्रियसभाका निर्वाचित १९ र मनोनीत एक गरी २० सदस्यको कार्यकाल सकिँदैछ । कार्यकाल सकिने एक महिनाअघि निर्वाचन भइसक्नुपर्ने कानुनी व्यवस्था छ।

प्रेस काउन्सिल ऐन संशोधन गर्नुपर्ने

प्रेस काउन्सिल नेपाल
PRESS COUNCIL NEPAL

टुडे समाचारदाता

काठमाण्डु । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले अनलाइन र युट्युब च्यानलहरुको प्रभावकारी नियमनका लागि प्रेस काउन्सिल ऐन संशोधन गर्नुपर्ने बताएका छन् ।

काउन्सिलले शुक्रबार यहाँ आयोजना गरेको पत्रकार आचारसहिंता अभिमुखीकरण कार्यक्रममा उनले नयाँ 'मिडिया' का कारण उत्पन्न भएको चुनौती समाधान गर्न उक्त ऐनका केही प्रावधान संशोधन गर्नुपर्ने आवश्यकतामा जोड दिएका हुन्।

'डिजिटल प्लेटफर्म' मार्फत सञ्चालित सञ्चारमाध्यमको प्रभावकारी नियमनका लागि अहिले भएकै प्रेस काउन्सिल ऐनका केही दफा हेरफेर गरे पुग्ने र सरकारले चाहेमा यो प्रक्रिया चाँडै टुङ्गो लाग्ने पनि उनले बताए । नियमनकै लागि वर्षौं लगाएर नयाँ ऐन ल्याउनुभन्दा पनि यही कानुनमा संशोधन प्रभावकारी हुने र त्यसतर्फ सरोकारवालाको ध्यान जानुपर्ने उनको सुझाव थियो ।

नयाँ खुलेका अनलाइनका सम्पादक, प्रकाशकहरु सहभागी कार्यक्रममा अध्यक्ष बस्नेतले प्रेस काउन्सिलले स्वस्थ, मर्यादित, जिम्मेवार पूर्ण र विश्वसनीय पत्रकारिता चाहेको र त्यसतर्फ सञ्चारकर्मी स्वयंले तदारुकता देखाउनुपर्ने उनले जानकारी दिए ।

सो कार्यक्रममा नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले काउन्सिलले अनलाइनलाई मर्यादित र जिम्मेवार बनाउन गर्दै आएको सिर्जनात्मक कामको प्रशंसा गरेका थिए।

काउन्सिलका बोर्ड सदस्य ठाकुरप्रसाद बेलबासेले र दीपक पाण्डेले अनलाइन मिडियालाई समाजलाई सही दिशामा लैजाने गरी पत्रकारिता गर्न सुझाव दिए।

राष्ट्रिय समाचार समितिका बोर्ड सदस्य एवं आजको अभिमुखीकरण कार्यक्रमका विषय विज्ञ डिल्लीराम भट्टराईले आचारसहिंता र काउन्सिलले जारी गरेका निर्देशिकाहरुको पालना गर्दा पेशागत मर्यादा र गरिमा अझ बढ्ने बताउनुभयो । भट्टराईले भने।

काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले पत्रकारितामा कोही रहरले आउने त कोही यसै हाम फाल्नेलगायतका प्रवृत्ति देखिएको उल्लेख गर्दै पत्रकारिता पेशा मुलुकको सबैभन्दा बढी जिम्मेवार पेशा हो भनेर काम गर्न सुझाव दिए।

काउन्सिलले नयाँ सूचीकरण हुन आएका अनलाइन पत्रिकाका सञ्चालकहरुलाई सूचीकरण प्रमाणपत्र प्रदान गर्नु पहिले यस्तो अभिमुखीकरण कार्यक्रम गरी पत्रकारिता पेशा र आचारसंहिताका बारेमा जानकारी गराउँदै आएको छ।

डेडिकेटेड लाइनबारे उच्चस्तरीय आयोग बनाउन आग्रह

टुडे समाचारदाता

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले उच्चस्तरीय आयोग बनाएर डेडिकेटेड र ट्रङ्कलाइनमा देखिएको विवाद तत्काल समाधान गर्न सरकारसँग आग्रह गरेका छन् ।

शुक्रबारदेखि दोलखाको चरिकोटमा सुरुभएको दोलखा महोत्सवको समुद्घाटन समारोहमा अध्यक्ष ढकालले मुलुकको अर्थतन्त्र समस्यामा रहेको अहिलेको समयमा डेडिकेटेड र ट्रङ्कलाइनको विवादले व्यवसायीहरुको मनोबल घट्ने र मुलुकमा लगानीको वातावरण थप बिग्रने बताउँदै उच्चस्तरीय आयोग बनाई यसको तत्काल सम्बोधन गर्नुपर्नेमा जोड दिएको महासङ्घले विज्ञप्तिमार्फत जनाएको छ।

समस्यामा रहेको मुलुकको अर्थतन्त्र विस्तारै सहज हुने अपेक्षा रहेको अहिलेको समयमा नेपाल विद्युत प्राधिकरण र व्यवसायीबीच देखिएको विवादले अर्थतन्त्रमा थप समस्या सृजना हुनसक्ने बताउँदै उनले यसको तत्काल समाधान गर्न जरुरी रहेको बताए । उनले उच्चस्तरीय आयोग बनाई अहिलेको समस्याको समाधान गर्न सके यसबाट सधैंका लागि यस्ता समस्याको समाधान हुने बताए।

झुट्ठा विवरण पेश गरी लिएका छ नागरिकता रद्द

टुडे समाचारदाता

काठमाण्डु। झुट्ठा विवरण पेश गरी जिल्ला प्रशासन कार्यालय सिरहाबाट प्राप्त छ वटा नेपाली नागरिकताको प्रमाणपत्र सरकारले रद्द गरेको छ। यही पुस ५ र १२ गतेको मन्त्रिपरषद्को निर्णय शुक्रबार सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले निजहरुलाई नेपाली नागरिकबाट हटाइएको बताईन्।

बैठकले नेपाल-चीन व्यापार तथा भुक्तानी सम्झौता, १९८१ लाई पुनरावलोकन तथा परिमार्जन गर्न नेपालका तर्फबाट मन्त्रालयका सहसचिवको संयोजकत्वमा संयुक्त प्राविधिक कार्यदल गठन गरेको छ।

नेपाल विशेष सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु व्यवस्था गर्नेसम्बन्धी विधेयकको मस्यौदा तर्जुमा गर्ने सैद्धान्तिक स्वीकृति दिएको छ। राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा २ को खण्ड (ख)को प्रयोजनका लागि राष्ट्रिय जनगणना, २०७८ को कुल जनसंख्याको शून्य दशमवल ५ प्रतिशतभन्दा कम जनसङ्ख्या रहेका अल्पसंख्यक जातजाति (दलितबाहेक) लाई अल्पसंख्यकको रुपमा तोक्ने निर्णय गरेको उहाँले जानकारी दिऐ।

गोरखापत्र संस्थानको व्यवस्थापन, आर्थिक एवं प्रिन्टिङ सल्लाहकार पदमा नुवाकोटको सूर्यगढी गाउँपालिका-२ का रामकृष्ण अधिकारी र कानुनी सल्लाहकारमा दाङको घोराही उपमहानगरपालिका-१७ का सुशीला चौधरीलाई दुई वर्षका लागि नियुक्त गरिएको सरकारका प्रवक्ता शर्माले जानकारी दिए।

बैठकले सरकारी कार्यालयले सामाजिक सञ्जाल प्रयोग गर्नेसम्बन्धी निर्देशिका, २०८०, अपाङ्गता भएका व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०७९, बालबालिका नीति, २०७९, राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को कार्यान्वयन कार्ययोजना, २०८०, संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणका लागि जग्गा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०८० र राष्ट्रिय स्वास्थ्य सङ्कट व्यवस्थापन समन्वय निर्देशिका, २०८० स्वीकृत गरेको छ। अन्नपूर्ण संरक्षण क्षेत्र र मनास्लु संरक्षण क्षेत्रको व्यवस्थापकीय जिम्मेवारी राष्ट्रिय प्रकृति संरक्षण कोषलाई दिने बैठकको निर्णय छ।

मलेसियाका लागि नेपाली राजदूत डिल्लीराज पौडेललाई फिलिपिन्सका लागि गैरआवासीय राजदूत तोक्ने र नेपाली सेनाका दुई सहायक रथीलाई उपरथी र नौ महासेनानीलाई सहायक रथीमा बढुवा गर्ने तथा काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको सडक खण्ड निर्माणका लागि संलग्न सर्तको पालना गर्नेगरी मकवानपुर र बाराको राष्ट्रिय वनको कुल जम्मा ४० दशमवल १९ हेक्टर जग्गा प्रयोग गर्न र सो वनमा रहेका चार हजार तीन सय ४५ वटा रुख/पोल कटान गर्न स्वीकृति दिने बैठकको निर्णय छ।

बैठकले साञ्जेन खोला जलविद्युत् आयोजनाको प्रसारण लाइन आयोजनाको टावर र 'राइट अफ वे' निर्माणका लागि रसुवाको राष्ट्रिय वन क्षेत्रको कुल १० दशमवल १३ हेक्टर जग्गा २४ वर्षसम्म प्रयोग गर्न तथा सो वन क्षेत्रमा रहेका एक हजार दुई सय १४ वटा रुख हटाउन स्वीकृति दिएको छ।

सरकारले स्वप्न बगैंचा विकास समितिको सदस्यमा पर्यटन तथा वातावरण क्षेत्रमा विशेष योगदान पुर्‍याएका श्रृजना (मल्ल) राणा र जग्गादातामध्येबाट लोकभक्त शम्शेर जबरलाई मनोनयन गरेको छ। बैठकले विसं २०८१ सालमा दिइने सार्वजनिक बिदा तथा कार्यालय समय निर्धारण गरेको छ। साविकको सार्वजनिक बिदामा सहिद दिवस र राम नवमीका दिन बिदा थप भएको मन्त्री शर्माले जानकारी दिए।

तपाईंको आज

पण्डित : बम जी

मेष : प्रतिभा सम्पन्नता।
बृष : शिक्षामा उन्नति।
मिथून : पारिवाहिक सुख।
कर्कट : धन वृद्धि सञ्चय।
सिंह : प्रेम प्रसंग, मित्र सुख।
कन्या : सुख समृद्धि हुने।
तुला : भ्रमण अवसर हुने।
वृश्चिक : अवसर प्राप्त।
धनु : वाद विवादबाट बच्नु।
मकर : पुरस्कार प्राप्त लाभ।
कुम्भ : नयाँ कार्य हुने।
मीन : बौद्धिक क्षमता।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१☎☎

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५, ९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७, ९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ५:०० बजे
बिहान पूजा आरती : ८:०० बजे
भोगराज लाग्ने समय : ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो) : १२:०० बजे
मन्दिर बन्द हुने समय : १२:०० बजे
खुल्ने समय (दिउँसो) : ४००: बजे
रात्री आरती पूजा हुने समय : ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय : १०:०० बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पूजा आरती : ०७:०० बजे
बिहान ढोका बन्द : १२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय : ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ : ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
मंगल आरती : ०७:३० बजे
महाप्रसाद भोग : १२:०० बजे
दिउँसो ढोका खुल्ने समय : ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ : ०७:०० बजे
रात्रि भोग : ०९:०० बजे
पट बन्द : ०९:१५ बजे

अनुसन्धानमा तालिमप्राप्त कुकुर परिचालन

टुडे समाचारदाता

मलंगवा। सर्लाहीको दक्षिण-पूर्वी भेगस्थित हरिपूर्वा नगरपालिकामा एक वृद्धको हत्या भएको छ। हरिपूर्वा वडा नं. ३ धनकौलका ७५ वर्षीय राजनारायण रायको हत्या भएको छ। राय आफ्नै गोठमा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

बुधवार दिउँसो ३ बजेतिर राय गोठमा मृत फेला परेको प्रहरीमा खबर आएको थियो। मृतकको शव बिहीबार बिहानसम्म घटनास्थलमा नै रहेको छ।

सर्लाहीका प्रहरी उपरीक्षक (एसपी) प्रवीण धितालले बुधबार घटनाको प्रारम्भिक अनुसन्धान गर्दागर्दै रात परेकाले शव घटनास्थलमै राखिएको बताए। उनले घटनास्थलको थप अनुसन्धान गरी मृतकको शव पोस्टमार्टमका लागि सदरमुकाम मलङ्गवा लगिने जानकारी दिए।

घटनास्थलको अनुसन्धानका लागि धनुषाको लाल गढमा रहेको नेपाल प्रहरीको गणबाट तालिमप्राप्त कुकुर ल्याइएको छ।

"घटना शङ्कास्पद देखिएकाले कुकर समेत मगाएर अनुसन्धान गर्दै छौं," एसपी धितालले भने," रात परेकाले बुधवार विस्तृतमा घटनास्थल हेर्न पाएनौं, सबै हेरेपछि मात्रै शव घटनास्थलबाट उठाउँछौं।"

प्रहरी उपरीक्षक धितालका अनुसार मृतकको टाउको पछाडि चोटपटक देखिएको छ। मृतक रायको घर र गोठ दुवै एकान्त ठाउँमा रहेका छन्।

घटनास्थलको अनुसन्धानका लागि जिल्ला प्रहरी प्रमुख धितालसहितका प्रहरी अधिकारीको टोली हरिपूर्वातर्फ जाँदै छ।

दलित सशक्तीकरण ऐन कार्यान्वयन गर्न मधेश सरकार उदासीन भएको वक्ताहरूको आरोप

टुडे समाचारदाता

अन्तरक्रिया कार्यक्रम

गरुडा। मधेश प्रदेश सरकारले दलित सशक्तीकरण ऐन कार्यान्वयन गर्न पुरै उदासिन रहेको एक कार्यक्रमका वक्ताहरुले आरोप लगाएका छन्।

दलित विकास समितिलाई प्रभावकारी बनाउन मधेश सरकार चासो नलिएका कारण दलितहरु अझै अधिकार पाउनबाट बञ्चित रहेको उनिहरुको आरोप छ।

दलित विकास समिति मधेश प्रदेशले महोतरीको बर्दिवासमा शुक्रवार आयोजना गरेको दलित सशक्तिकरण एन २०७६ (मधेश प्रदेश) को कार्यान्वयनको अवस्था र स्थानिय सरकारको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले यस्तो बताएका छन्।

समितिका सदस्य राजकुमार दासको अध्यक्षता तथा मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री सुरिता कुमारी साहको प्रमुख अतिथ्यमा बर्दिवासको पावन मिथिला होटलमा उक्त कार्यक्रमको आयोजना गरिएको छ।

२०७६ सालमै दलित सशक्तीकरण ऐन ल्याइएको भएपनि त्यसको प्रभावकारी कार्यान्वयनमा प्रदेश सरकार उदासीन देखिएको वक्ताहरूको आरोप छ।

ऐनमा जातीय विभेद तथा छुवाछुत अन्त्यका लागि प्रत्येक पालिकादेखि प्रदेशस्तरीय जातीय विभेद तथा छुवाछुत अनुगमन समिति गठन गर्ने भनिएको छ। तर, अहिलेसम्म मधेश प्रदेशको अधिकांश पालिकामा जातीय विभेद तथा छुवाछुत अनुगमन समिति गठन हुन सकेको छैनन।

कार्यक्रममा सहभागी मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री सुरिता कुमारी साहले दलित सशक्तिरण एन २०७६ कार्यान्वयन भए दलितहरु अधिकार सम्पन्न हुनेभएको हुँदा दलित सशक्तिरण एन प्रभावकारी कार्यान्वयनका लागि आफुले पहल गर्ने बताएकी छन्।

अबको एक महिना भित्रमा दलित सशक्तिरण एन २०७६ र नियमावली संशोधन हुने समेत मन्त्री साहले बताइन। एन संशोधन गर्न ड्राफ्ट पहिला नै तयार भइ दलित बिज्ञसंग सुझाव समेत लिसकेकोले यसै महिना भित्र संशोधन गर्ने उनले बताइन।

साथै दलित विकास समितिको कर्मचारीलाई एकसाता भित्रमा व्यवस्थापन गर्ने समेत उनले आश्वासन दिएकी छन्। बैठकमा दलित विकास समितिको कार्यालय खेलकुद तथा समाज कल्याण मन्त्रालयमा नै व्यवस्था गर्न पहल गर्ने निर्णय गरिएको छ।

कार्यक्रममा दलित विकास समितिका सदस्य राजकुमार दासले समितिका उपाध्यक्ष बाहेक अरु सदस्यहरुलाई केहि सुविधा नरहेकोले सरकारले सदस्यहरुलाई पनि सेवा सुविधा उपलब्ध गराउनुपर्ने धारणा राखेका थिए।

कार्यक्रममा प्रदेश सांसदहरु ललिता देवी दास, किशोरी देवी दास, पलटी देवी महरा, रञ्जु मण्डल, पूर्व राज्य मन्त्री सुरेश मण्डल, पूर्व प्रदेश सांसद चमेली दास, गरुडा नगरपालिकाका मेयर कन्थमनी प्रसाद जयसवाल, गढीमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादव सहित प्रदेशका आठवटै जिल्लाका नगर प्रमुख, प्रशासकीय अधिकृत तथा दलित अभियन्ताहरुको सहभागिता रहेको थियो।

विद्यालयमा म्याद सकिएको सेनेटरी पैड

टुडे समाचारदाता

PADelux
PADelux

गौर। रौतहट जिल्लाको ईशनाथ नगरपालिकाले नगरपालिका भित्र सञ्चालन रहेका सामुदायिक विद्यालयहरुमा म्याद समाप्त भएको सेनेटरी पैड उपलब्ध गराएको रहस्य खुलेको छ।

सामुदायिक विद्यालयमा अध्यन गर्ने उमेर पुगेका बालिकाको स्वच्छता सुरक्षाको लागि बितरण गरिने सेनेटरी पैड म्याद सकिएको बितरण गरेको देखिएको हो।

स्थानीय वड़ा नम्बर १ बंजरहामा सञ्चालन रहेको आधारभूत बिद्यालयमा बालिकाहरुलाई महिनवारी बेलामा प्रयोग गर्नलाइ बितरण गर्नको लागि भण्डारण गरिएको सेनेटरी प्याड सकिएको पाइएको हो।

बिद्यालयका प्राध्यानध्यापक नारायण साहले गएको आषाढ़ महीनामा नगरपालिकाका स्वास्थ्य शाखाले सेनेटरी पैड दिएको बताएका छन। बुझने बेलामा उत्पादन मिति र समाप्तिको अवधी हेर्नु भएको थिए की थिएन भने प्रश्नको जवाबमा भरपाई गरेर ल्याएको हेर्न नसकेको बताए। विद्यालयमा राखिएको सेनेटरी पैडको म्याद सकिएको विषयमा विद्यालयको महिला शिक्षिकाहरु पनि अभिज्ञ रहेको छ। शिक्षिकाले थाहा नभएको प्रतिक्रिया दिएका छन।

महीनबारी भएको बेलामा विद्यालय नछुटोस ,अध्यनलाइ निरंतरता दिन पाओस भने उदेश्यले सरकारले सामुदायिक तथा आधारभूत विद्यालयमा सेनेटरी पैडको व्यवस्थापन गरेको हो।

स्थानीय तहले खरीद गरेको सेनेटरी पैड प्रयोग गर्ने अवस्थामा हो होइन भनी हेरेर विद्यालयमा हस्तानांतरण गर्नु पर्नेमा त्यसो नगरी बैशाख महीनामा म्याद सकिएको सेनेटरी पैड आषाढ़मा दिएर बालिकाको स्वास्थ्य संग खेलवाड़ गर्ने कार्य गरेको स्थानियहरुको भनाइ रहेको छ।

महावीर प्राथमिक विद्यालयलाइ सेनेटरी पैड नदिएका नगरपालिकाले औरैयामा सञ्चालन रहेका प्रसूति केन्द्र भवनमा पैडको आभाव देखिएको छ भने श्री प्राथमिक बिद्यालयमा दिइएको सेनेटरी पैडको पनि म्याद सकिएको छ ! १०/०५/२०२० र ७/८/२० मा बनाइएको सेनेटरी पैडको प्रयोग गर्न सकिने अवधी ३ बर्षको रहेको छ।

पुरानो लिखत प्रमाणित गर्न ५ सय देखि एक हजार सम्म रकम असुली

टुडे समाचारदाता

गौर। रौतहट जिल्लाको ईशनाथ नगरपालिका वड़ा नम्बर ३ का वड़ा सचिव र प्राविधिक सहायकले कपाली तमासुक प्रमाणित गरे बापत कानून विपरीत शुल्क लिने गरेको छ।

अनुचित लेनदेनको कानून लागु भएपछि दिएको अवधी भित्रमा पुरानो लेनदेन कारोबार भएको लिखत सम्वन्धित वड़ा कार्यालयबाट प्रमाणित गराउनु पर्ने क़ानूनी प्रावधान अनुसार वड़ा कार्यालयमा लिखत प्रमाणित गराउन जाने धनि संग तोकिएको शुल्क भन्दा बढ़ी रकम असूलने गरेको हो।

रामचन्द्र राउत वड़ा अध्यक्ष रहेका वड़ा कार्यालयका वड़ा सचिव उमेश यादव र प्राविधिक सहायकको रुपमा कार्यरत उमाशंकर गिरीले धनि संग लिखत प्रमाणित गरे बापत ५०० सय देखि १ हजार रुपैया सम्म रकम लिने गरेको स्थानीयहरुले बताएका छन।

माघ ११ गते भित्र पुरानो लेनदेन कारोबार भएको कपाली तमासुक प्रमाणित गराउनु पर्ने समय अवधी रहेकोले लिखत प्रमाणित गराउन वड़ा कार्यालयहरुमा धनि हरुको भीड़ देखिएको छ।

लिखत प्रमणित गर्दा २ सय रुपैया सरकारी दस्तूर लाग्ने ठाउमा ५ सय देखि १ हजार रुपैया लिने गरेको स्थानीयको गुनासो पछि स्थलगत रुपमा रिपोर्टिंग गर्न पुगेका पत्रकारहरुको टोलीले वड़ा कार्यालयमा रहेका प्राविधिक सहायक गिरी संग सोध्दा एउटा लिखत प्रमाणित गर्दा ५ सय रुपैया लिने र २ सय रुपैयाको रसीद काटेर दिने गरेको स्वीकार गरेका छन।

के बापतमा ५ सय रुपैया लिने गरेको हो भने सवालको जवावमा प्राविधिक सहायक गिरीले भने ऋणीलाइ सँगै ल्याए २ सय नल्याएकोमा ३ सय खर्च जोडेर ५ सय लिने गरेको छू।

कानूनले २ सय रुपैया लिनु पर्ने व्यवस्था गरेकोमा किन बढ़ी रकम लीनेको भन्दा ऋणीलाइ बोलाउनु पर्दा त्यसको बापत ३ सय थप दस्तूरी लिने गरेको बताए।

वड़ा सचिब उमेश यादवले ऋणी सँगै आउदा पांच सय तथा ऋणी आएंन भने १ हजार रुपैया लिने गरेको स्वीकार गरेका छन। कपाली तमासुक प्रमाणित गर्ने समय अवधि कम रहेकोले छिटो प्रमाणित गराउनु पर्ने बताउँदै सचिव यादवले १ हजार दिए ऋणीको अनुपस्थितिमा नै प्रमाणित गरिदिने बताए।

स्थानीय ईशनाथ नगरपालिका वड़ा नम्बर १ का कार्यवाहक वड़ा सचिवको रुपमा रहेका काशी साहले धनिले निबेदन दिएको आधारमा ऋणीलाइ पत्राचार गरेर बोलाउने र लिखत प्रमाणित गरे बापत २ सय रुपैया शुल्क लिने गरेको बताए।

सूर्य नेपाल एनपीजीए म्याच प्लेको उपाधि दिनेशलाई

टुडे समाचारदाता

काठमाण्डु। चौंथो वरियताका जयराम श्रेष्ठलाई हराउँदै डिफेन्डिङ च्याम्पियन दिनेश प्रजापति सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत सिजनको दोस्रो प्रतियोगिता सूर्य नेपाल एनपीजीए म्याच प्लेको उपाधि जित्न सफल भएका छन।

रोयल नेपाल गल्फ क्लबमा भएको ३६ होलको फाइनलमा जयराम श्रेष्ठलाई ६/४ ले हराउँदै दिनेश उपाधि रक्षा गर्न सफल भएका हुन। यो सिजन सानदार सुरूवात गरेका दिनेशको करियरको यो दोस्रो उपाधि हो।

अनुभवी चौथो वरियताका जयराम र तेस्रो वरियताका दिनेशबीच १८ होलसम्म कडा प्रतिस्पर्धा चलेको थियो। नवौं होलको समाप्तीमा जयराम एक होलले अगाडि थिए। तर १८ होलको समाप्तीमा दिनेशले खेललाई बराबरीमा पुर्याए।

यसपछि भने दिनेश खेलमा हाबी बने। १९औं होलमा करिब ३० यार्डबाट दिनेशले बर्डी प्रहार गर्दै एक होलको अग्रता बनाए। २३औं होलमा जयरामले पार जोगाउन सकेनन भने दिनेशले पारमा नै यो होल जितेर दुई होलको अग्रता बनाए। खेलमा फर्कन जयरामलाई जित जरूरी थियो। तर यसपछि २४ देखि २७ होल बराबरीमा सकियो।

२८औं होलमा पार खेल्दै तीन होलको आरामदायी अग्रता दिनेशले बनाए। दबाबमा परेका जयराम खेलमा फर्कन सकेनन भने ३१औं होल पनि दिनेशले नै जित्दा ५ होलको अग्रता बनाए। यसपछि ३२औं होलमा खराब टी सट हानेसँगै जयरामले हार आत्मसात गर्दा दिनेशले ४ होल अघि नै उपाधि आफ्नो नाममा लेखाए।

दिनेशले पहिलो चरणमा तोरण विक्रम शाही, क्वाटरफाइनलमा रबि खड्का र सेमिफाइनलमा रामे मगरलाई हराएका थिए। उपाधिसँगै दिनेशले नगद ६० हजार प्राप्त गरेका छन। दोस्रो भएका जयरामले ४२ हजार हात पारे। दिनेशले सिजनको पहिलो प्रतियोगिता सूर्य नेपाल सेन्ट्रल ओपनमा प्रोफेसनलतर्फ पहिलो स्थान प्राप्त गरेका थिए। जारी टुरमा दुई मध्ये दुवे प्रतियोगितामा सानदार प्रदर्शन गर्दै सिजनको सुरूवात उत्कृष्ट गरेका छन।

सातौं वरियताका रामे मगरले तेस्रो स्थान प्राप्त गरे। उनले १८ होलको प्रतिस्पर्धामा नवौं वरियताका भुवन कुमार रोक्कालाई १८औं होलमा हराए। रामेले ३२ हजार र भुवनले २४ हजार पुरस्कार हात पारे।

कुल २ लाख ५० हजार नगद पुरस्कार राशीको प्रतियोगितामा पहिलो चरणमा पराजित हुने आठ खेलाडीहरूले जनही ६/६ हजार प्राप्त गरे। क्वाटरफाइनलमा पराजित चार खेलाडीले जनही ११ हजार प्राप्त गरे।

विजयी खेलाडीहरूलाई सूर्य नेपाल प्रा.लि.का मार्केटिङ म्यानेजर केशव प्रधान, एनपीजीएका अध्यक्ष रविन्द्रमान श्रेष्ठ, आरएनजीसीका अध्यक्ष मधुकर याक्थुम्बा, आरएनजीसीका क्याप्टेन मिथुन राई र आरएनजीसीका कोषाध्यक्ष रोशन श्रेष्ठले पुरस्कार वितरण गरे।

नेपालको रोटरी क्लबका प्रशिक्षकहरुलाई प्रशिक्षण सुरु

टुडे समाचारदाता

सिन्धुली। रोटरी डिस्ट्रिक्ट ३२९२, नेपाल-भुटानमा आबद्ध नेपालभरका प्रशिक्षक रोटरियनहरुलाई सिन्धुलीको मुलकोटमा प्रशिक्षण कार्यक्रम सुरु भएको छ। नेपालभरका रोटरी क्लबहरुमा आबद्ध प्रशिक्षकहरुको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको रोटरी डिस्ट्रिक्ट ३२९२ को प्रशिक्षण समितिका सह-अध्यक्ष बिष्णुहरि दाहालले बताए।

शुक्रबार र शनिवार चल्ने प्रशिक्षणलाई रोटरीका प्रमुख प्रशिक्षकहरु जयन्द्र रिमाल, लक्ष्मण ज्ञवाली, सञ्जय गिरी, दिलेन्द्रराज श्रेष्ठ, जितेन्द्रबहादुर राजभण्डारी र सन्तोष रिजालले प्रशिक्षण दिनेछन्।

यसैगरी, प्रशिक्षणकै दौरान आयोजित प्यानल छलफलमा प्यानलिस्टहरु डिस्ट्रिक्ट गभर्नर राजेन्द्रप्रसाद ध्वजू, डिस्ट्रिक्ट गभर्नर (इलेक्टेड) राजेन्द्रमान शेरचन र डिस्ट्रिक्ट गभर्नर (नोमिनी) बिनोद कोइराला रहेका छन्। प्रशिक्षण कार्यक्रममा विभिन्न रोटरी क्लबका ७५ जना सहभागी छन्।

रोटरियनहरु बिष्णुहरि दाहाल, अशोकमान कपाली र अशोक प्याकुरेलले कार्यक्रमको सहजीकरण गरेका छन्। 'स्वार्थभन्दा माथि सेवा' भन्ने भावकासाथ सामाजिक सेवामा कार्यरत रोटरी अभियान नेपालमा सन् १९५९ मा सुरु भएको हो। हाल रोटरी डिस्ट्रिक्ट ३२९२ मातहत १५४ क्लबमा ५ हजार ५४२ जना सदस्य आबद्ध छन्।

नयाँ वर्ष अभियान "फोनपे गर्ने हो" को साथ २०२४ को सुरुवात

टुडे समाचारदाता

काठमाण्डु। फोनपे, नेपालको सबैभन्दा ठूलो भुक्तानी संचालकले, 'फोनपे गर्ने हो' नामक नयाँ अभियानको घोषणा गरेको छ।

फोनपे सँग "सहज भुक्तानी विधि अप्नाउँदै नयाँ वर्ष २०२४ सुरु गरौं भन्ने मुल सन्देशमा आधारित यस अभियानले व्यक्तिहरूलाई परम्परागत भुक्तानी विधिहरू त्याग्न र फोनपेको सुरक्षित र सुविधाजनक माध्यम अप्नाउन प्रोत्साहन गरेको छ।

फोनपे क्यू आर र फोनपे डिरेक्टले ग्राहकको दैनिक भुक्तानी या लेनदेनका आवश्यक्ताहरुलाई सरल र सुबिधाजनक बनाउँदै, धेरै मानिसहरु माझ थप उजागर गराउनु, यस अभियानको उद्देश्य रहेको छ।

पौस १३ देखि पौस १७ सम्म चल्ने यस अभियानमा सहभागिता जनाउन ग्राहकहरूले फोनपेको फोनपे क्यूआर अथवा फोनपे डिरेक्ट सेवा, अभियान समय अवधि भर, पाँच पटक सम्म प्रयोग गर्नु पर्ने सर्त लागु गरिएको छ⁄ त्यसको साथसाथै, फोनपे क्यू आर वा फोनपे डिरेक्ट, दुबै सेवा ५ पटक सम्म प्रयोग गरेर पनि ग्राहकहरुले अभियानमा सहभागिता जनाउन सक्ने छन्। यस अभियानमा दुई भाग्यशाली विजेताहरूलाईःक्ष(सावमी ज्ञद्दस्मार्ट फोनको मेगा उपहारबाट पुरस्कृत गरिने छ।

अभियानको उदेश्यका बारेमा फोनपेका चिफ स्ट्राटेजि अफिसर सुवोद शर्मा भन्नु हुन्छ, "फोनपे गर्ने हो" अभियानले, ग्राहकहरुलाई आफ्नो दैनिक भुक्तानी वा लेनदेनमा फोनपे सेवाहरुलाई समावेश गर्न थप प्रोत्साहित गरेको छ।

सुरक्षित डिजिटल भुक्तानी सुविधा प्रदान गर्दै व्यक्ति र व्यवसायहरूलाई थप सहज र प्रभावकारी बैंकिङ अनुभव दिलाउन फोनपे सदैव प्रतिबद्ध छ।

फरार प्रतिवादी पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम। महोत्तरी प्रहरीले एकजना फरार प्रतिवादीलाई पक्राउ गरेको छ।

शुक्रबार जिल्लाको इलाका प्रहरी कार्यालय बलवाबाट खटेको प्रहरी टोलीले गस्तीको क्रममा परौलबाट ४५ वर्षीय प्रमोद कुमार यादवलाई पक्राउ गरेको छ।

महोत्तरी जिल्ला अदालतको फैसलाले लागत नम्बर २७२८ को दुई हजार रुपैयाँ जरिवाना भएको अवस्थामा उनी फरार रहेका हुँदा खोजतलासको क्रममा प्रतिवादी यादवलाई महोत्तरी गाउँपालिका वडा नम्बर ४ स्थित पडौलबाट नियन्त्रणमा लिएको महोत्तरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक दिलीप कुमार गिरीले जानकारी दिए।

उनले प्रतिवादी यादवलाई पक्राउ गरी आवश्यक अनुसन्धान भइरहेको बताए।

क्यूआर पेमेन्टमा १७ प्रतिशत छुट

टुडे समाचारदाता

ग्लोबल आइएमई बैंकको १७ औं वार्षिक उत्सवको अवसरमा पाउनुहोस्
CASHBACK
१७%
वा रु. १७० सम्म
नयाँ बचत खाता खोली मोबाइल बैंकिङ सदस्यता लिने ग्राहकहरुलाई
SMS मार्फत PROMO कोड पठाइने।
पौष १७ देखि सिमित अवधिको लागि मात्र
Global IME Bank
GLOBAL CONNECT

काठमाण्डु। ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १७औं वार्षिकोत्सवको अवसरमा कार्ड तथा मोबाइल बैंकिङ्ग मार्फत गरिने कारोबारहरुमा १७ प्रतिशतसम्म छुट तथा १,००० रुपैयाँसम्म क्यास ब्याक प्रदान गर्ने योजना सार्वजनिक गरेको छ।

बैंकले आफ्नो १७औं वार्षिकोत्सवको अवसरमा आफ्ना ग्राहकहरुलाई यही पौष १६ गतेदेखि माघ १७ गतेसम्मका लागि बैंकको भिषा डेबिट र क्रेडिट कार्ड तथा एससीटी कार्डबाट योजना अवधिभर पीओएस मेसिनमार्फत गरिने १० वटाभन्दा बढी कारोबारमा २०,००० रुपैयाँभन्दा माथिको कारोबार रकममा १,००० रुपैयाँको क्यासब्याक उपलब्ध गराउने छ।

यसका साथै, वार्षिकोत्सवकै अवसर आफ्ना ग्राहकहरुलाई थप छुट प्रदान गर्ने उद्देश्यका साथ बैंकका नयाँ खाता खोली ग्लोबल स्मार्ट प्लस प्रयोग गर्ने ग्राहकहरुले एस.एम.एसमा प्राप्त प्रोमो कोड प्रयोग गरी पहिलो पटकको क्यूआर कारोबार तथा मोबाइल रिचार्जमा १७ प्रतिशत वा अधिकतम १७० रुपैयाँ सम्मको छुट प्रदान गर्ने योजना सार्वजनिक गरेको छ।

यो क्यासब्याक योजना पौष १७ गते देखि २३ गतेसम्म लागू हुनेछ।

आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले यस्ता किसिमका समय सान्दर्भिक योजनाहरु ल्याएर ग्राहकहरुलाई लावान्भित गर्दै आएको छ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो तथा वित्तीय परिसुचकहरु अनुसार मुलुककै सबैभन्दा ठुलो बैंक वाणिज्य बैंक हो।

देशका ७७ वटै जिल्लामा ३५५ शाखा, ३७९ एटिएम, २७४ शाखा रहित बैंकिङ्ग सेवा, ६५ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ अन्तर्राष्ट्रिय सम्पर्क/बैदेशिक प्रतिनिधि कार्यालय सहित ११०० भन्दा बढि सेवा केन्द्रबाट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ। बैंकमा करिब ४ हजार कर्मचारीहरु कार्यरत रहेका छन्। बैंकले करिब ४५ लाखभन्दा बढी ग्राहकलाई प्रत्यक्ष सेवा प्रदान गर्दै आएको छ।

जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

।। बुबाको माया ।।

आफूले नहेरेको बिन्दु सम्म सन्तानलाई हेराइन्छ।
त्यसैले आफ्नो सन्तानलाई कन्धा माथि उठाइन्छा।
आफूले प्रचण्ड घाममा दिन भरी समय बिताईन्छ।
तर आफ्ना सन्तानलाई स्कूल र कलेज पठाइन्छा।
आफ्नो पेट काटी, काटी बिभिन्न कुरा जोगाइन्छ।
आफ्नो सन्तानलाई मिठा मिठा परिकार खुवाइन्छा।
छोरा छोरीको अनुहारमा मुस्कान हेर्दा इच्छा जनाइन्छ।
सन्तानको मुस्कान आफ्नो हो भने सन्तुष्टि पुर्याइन्छा।
बुबाको मायालाई तिन्टै रत्न मानी जीवन सफल बनाइन्छ।
जसले बुबालाई ठोकराए चारैतिरबाट दुःख दर्द पीडा पाइन्छा।
जीवनलाई उच्च स्थानमा पुर्याउन बुबालाई अपनाइन्छ।
बुबा सर्वोश्रेष्ठ,सर्वोत्तम र सर्वव्यापी हो भने बताइन्छ ।।
विश्वभरी बुबाको तुलनात्मक रूप कतै नई भेटाइन्छ।
व्याख्या गर्न सब्दनै नरहेको बुबा अन्नत हो भनें अपनाइन्छा।

लेखक:-आई.पी. रुपेश महतो
ठेगाना:-माधवनारायण न पा -३ सखुअवा, रौतहट

'म चित्रकार हुँ'

म मेहनतको रंगले, सुन्दर चित्र सजाउछु ।
कल्पनाको कला सागरमा नेत्र डुबाउछु ।।
कहिले रंगमा घुल्छु, कहिले अलपत्र रमाउछु ।
म 'प्रकृति' महाकलाकारलाई मित्र बनाउछु ।।
पुर्णिमा रातमा एकान्त बसि, नक्षत्र ठम्याउछु ।
'चन्द्र'कलामा दाग किन ? म प्रश्नपत्र बनाउछु ।।
म समयलाई कहिल्यै पनि, व्यर्थ न फाल्छु ।
म स्वयंलाई कहिल्यै पनि, असमर्थ न ठान्छु ।।
म धैर्य कर्म कलाको, अग्निअस्त्र चलाउछु ।
म भाग्यको घोरयुद्धको, कुरुक्षेत्र जलाउछु ।।
जगतलाई कला बग्छ, मेरो नसा भित्र बताउछु ।
'म चित्रकार हुँ', तर पागल विचित्र कहलाउछु ।।

लेखक:- राम 'रुद्राक्ष' मण्डल
ठेगाना:- लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा
धनुषा, नेपाल ।

!! बा !! सबैका घरका धुरी बा !!

जति पिर, दुःख ,यातना परेपनी !
एक टक रहि आफ्नो कर्म मा न डगमगाउने तिम्रो कस्तो बानि बा!!

छोरा छोरी लाई पुग्दैन भनी आफुले खाई सके भन्दै जुठो थाल्
देखाउने तिम्रो कस्तो बानी बा!

छोरा छोरी पढाउन भनी बेसि झरी मास्टर को खाद्यान्न बोक्दिने
तिम्रो कस्तो बानी बा!!

छोरा छोरी को लागि आफू बुढेसकालमा पनि तन्नेरी भै दिने
तिम्रो कस्तो बानि बा!

जवान छोरो घर हुदा हुँदै ,
हैन त घरै बस म मेला जान्छु भन्ने तिम्रो कस्तो बानी बा!!

अनि तेइ जवान छोरो केइ गर्ने आट नगरी
भन्छ बा! जिबन देखि हारिसके अनि तेति बेला ' म हुन्जेल तैले
चिन्ता लिनु पर्दैन भन्ने तिम्रो कस्तो बानी बा!!

म तिम्रो बानी देख्दा अचम्म पर्छु
अनि सोच्दछु !! जति बा ले गरे तेति नै मैले मेरो सन्तती लाई गर्न
सकुला र ?
अनि बा फेरि मलाई झक्झक्याउदै
मैले तेरो सात पुस्ता लाई पुग्ने गरि राखिदिएको छु भन्ने तिम्रो
कस्तो बानी बा!!

मैले चाल पाए देखि आजका दिन सम्म कैले दुःख को महसुस
हुन नदिने तिम्रो कस्तो बानी बा!!

मलाई कैले काम नलाई त पढ भनेउ बा!! ऐले बुढेसकालमा म
साथ मा नहुदा पनि म घर समाल्छु तैले पिर नगरेस भनिरहने
तिम्रो कस्तो बानि बा!!

नाम : टीका प्रसाद दाहाल
ठेगाना : गणेशमान चारनाथ नगरपालिका ५ ,मैनावती

।। गीत ।।

केश अहाँके कारी-कारी,साडी अहाँ के लाल यै
हिप्पी बालीभौजी अहाँ मचबै छी धमाल यै
अहाँ खुब करै छी कमाल यै
भैया गेल हाँ विदेश कमाई,बिगैर गेल अहाँके चाईल यै
कक्का-काकीके नहिए टेरैछी ,उठबैछी उदफाल यै
हिप्पी बालीभौजी अहाँ मचबै छी धमाल यै
कते दुःखसँ भैया कमाई ए मरि-मरिक' परदेशमें,
यहाँ रहै छी हरदम अहिना ओहीना यैसन,फैशन चाइलमे
अंगना घरमे ९मन लागल चेहरा चम-चम लाल यै,
हिप्पी बालीभौजी अहाँ मचबै छी धमाल यै
केनाक' आब 'घरबार' समहारब, चेहरे सभदिन कतेक नीहारब
अहि चाईल प' क्यो नै सोहाई ए नय फुलाबु गाल यै
साडी छोईरक' जिंस पेढैछी नयँ-नयाँ स्टाईल यै
हिप्पी बालीभौजी अहाँ मचबै छी धमाल यै

धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार
दोहा कतार

गजल

दुश्मन बूझु की भाई ओकरा
हित,मीत की कसाई ओकरा
असमंजन में पडल छी वर्षो'स
मैथिल बूझु की पराई ओकरा
अछि ह्रदय कें सभ'स करिब वो
सपन बूझु की परछाई ओकरा
स्नेह,सद्भाव,बिगाडमें माहिर वो
जहर बूझु की मिरचाई ओकरा

उदगार यादब
मिथिला बिहारी नगरपालिका
सिरसिया ६, धनुषा

'ह्रस्व दीर्घ'मा नीताको पिता बन्न नेपाल आइपुगे 'गजनी' भिलेन



काठमाण्डु । बलिउड र साउथ फिल्ममा नकारात्मक भूमिकामा देखिँदै आएका अभिनेता प्रदीप रावत नेपाली फिल्म 'ह्रस्व दीर्घ'मा काम गर्नका लागि काठमाडौं आइपुगेका छन् । उनी शुक्रबार इण्डिगो एयरलाइन्सको विमानमार्फत् काठमाडौं ओर्लिएका हुन् । उनी फिल्मको छायांकनका लागि चितवन पुगिसकेका छन् । पहिलोपटक नेपाली फिल्ममा काम गर्न लागेका उनको एक हप्ता छायांकन हुनेछ ।

'ह्रस्व दीर्घ'मा प्रदीपले अभिनेत्री नीता ढुंगानाको पिताको भूमिका निभाउनेछन् । फिल्ममा उनको भूमिका अर्थपूर्ण रहेको बताइएको छ । उनले बलिउड, साउथ, तमिल, तेलुगू, कन्नड, मलयालम, बंगाली गरी २ सय बढी फिल्ममा काम गरेका छन् । अब यो सूचीमा नेपाली फिल्म थपिनेछ । उनले बलिउडमा आमिर खानदेखि साउथमा प्रभासजस्ता धेरै सुपरस्टारहरुसँग स्क्रिन सेयर गरेका छन् ।

'ह्रस्व दीर्घ'को ११ दिनदेखि चितवन क्षेत्रमा दोस्रो चरणको छायांकन भैरहेको छ । फिल्ममा प्रदीपसँगै साउथका नामी कलाकारहरु ब्रम्हानन्दम, अली, सुनिल वर्मा, कबीर दुहान सिंहको पनि टोली छ । ब्रम्हानन्दम र अलीले आफ्नो भागको छायांकन अघिल्लो वर्ष नै भारतस्थित रामोजी फिल्म सिटीमा पूरा गरिसकेका छन् । अब कबीर शनिबार फिल्मको छायांकनका लागि नेपाल आउँदैछन् ।

द्वन्द्व निर्देशनमा स्थापित चन्द्र पन्तको निर्देशन रहेको फिल्ममा नीताका साथै हरिहर अधिकारी, विपना थापा, सरोज खनाल, गरिमा शर्मा, सञ्चिता लुईँटेल, बुद्धि तामाङ, प्रशान्त ताम्राकार, रविन्द्र झालगायतका नेपाली कलाकार हरुको पनि अभिनय छ । भारतका छायाँकार कवीरलालले खिचिरहेको फिल्मका निर्माता नीता र हरिहर दम्पती हुन् । यो फिल्मको लागत ७ करोड पुग्ने अनुमान छ ।

'फर्की फर्की' र 'पूजार सार्की'बीच भिडन्तको सम्भावना

काठमाण्डु । अहिलेका चल्तीका अभिनेताद्वय अनमोल केसी र प्रदीप खड्कालाई एकअर्काको प्रतिस्पर्धी भन्ने गरिन्छ । दुवैको करिअरको ग्राफ लगभग समान छ । फ्यान 'क्रेज' टक्करको छ । फिल्मको 'प्याटन' पनि दुवैको एकै किसिमको छ । यसैले उनीहरुबीच अघोषित प्रतिस्पर्धाको स्थिति देखिन्छ । अब पहिलोपटक उनीहरुको फिल्म पनि घरेलू बक्स अफिसमा प्रतिस्पर्धी बन्ने सम्भावना बढेको छ ।

आगामी जेठ ११ गते अनमोल अभिनीत फिल्म 'फर्की फर्की' प्रदर्शनमा आउँदैछ । अहिलेसम्मलाई यो मितिमा अरु फिल्म थुप्रिएका छैनन् । तर, प्रदीपको अभिनय रहने फिल्म 'पूजार सार्की' जेठ ११ गते आउने सम्भावना प्रवल छ । यद्यपि, फिल्मको प्रदर्शन मिति घोषणा गरिसकिएको छैन । छायांकन पनि सुरु भएको छैन । तर, प्रदर्शनका लागि जेठ ११ गतेकै तयारी भैरहेको स्रोत बताउँछ ।

'पूजार सार्की'को आगामी माघ पहिलो साताबाट छायांकन सुरु हुँदैछ । राष्ट्रिय अवार्ड विजेता दिनेश राउतले निर्देशन गर्ने फिल्ममा प्रदीपसँगै आर्यन सिग्देल र पल शाह पनि मुख्य भूमिकामा देखिँदैछन् । स्टारकास्टकै कारण सर्वाधिक चर्चामा रहेको यो फिल्मले प्रदर्शनका लागि जेठ ११ गतेको मिति निश्चित गरेको अवस्थामा 'फर्की फर्की'ले बक्स अफिसमा ठूलो चुनौतीको सामना गर्नुपर्नेछ ।

'फर्की फर्की'सँग 'पूजार सार्की' भिडाउने रणनीति बन्नुमा निर्देशक राउत र 'फर्की फर्की'का निर्माता रोहित अधिकारीबीचको टसल प्रमुख कारण हुनसक्छ । रोहितको फिल्म 'छब्बीस करोड'लाई राउतले निर्देशन गर्दै थिए । तर, उनीहरुबीच सृजनात्मक मतभेद भएपछि राउतले फिल्म छाडिदिए । उनीहरुबीचकै टसलले 'फर्की फर्की'सँग 'पूजार सार्की'लाई भिडाउने तयारी भैरहेको चर्चा छ ।

सर्वनाममा नाटक 'कुमारजी आज्ञा गर्नुहुन्छ' : बलात्कार विरुद्ध गोमाहरुको विद्रोह

काठमाण्डु । काठमाण्डुको कालिकास्थानस्थित सर्वनाम थिएटरमा नाटक 'कुमारजी आज्ञा गर्नुहुन्छ' मञ्चन भइरहेको छ। साहित्यकार तथा रङ्गकर्मी अशेष मल्लको लेखन रहेको नाटक सर्वनामको १९ औं ब्याचका विद्यार्थीले प्रस्तुत गरेका हुन् । ब्याचका प्रशिक्षार्थीहरू द्वय रसिक राज र शीतल थोकरको निर्देशन रहेको छ । रङ्गमञ्चमा समूहको यो पहिलो नाट्य यात्रा हो ।

महिला तथा बालबालिकामा हुने हिंसाको विषयमा केन्द्रित रहेको नाटकले आँखै अगाडी हिंसा हुँदा पनि चुपचाप रहने समाजको प्रवृत्तिमाथि व्यङ्ग्य गरेको छ । मिथकीय पात्र गोमालाई प्रतिनिधि पात्रका रूपमा उतारेर समाजमा अनगिनत महिला तथा बालबालिका हिंसाको सिकार बन्नु परेको तितो सत्यबारे नाटक बोलेको छ ।

कथाको लयसँग दृश्यहरूमा अभिनयमा निकै बलियो रूपमा उपस्थिति जनाएको छ। अभिनय, बिम्ब, प्रयुक्त प्रप्स, प्रकाश, चित्रकला र सङ्गीतको निकै सशक्त प्रस्तुति देख्न सकिन्छ ।

नाटकभित्र मिथक र समकालीन समयको संयोजन छ । श्री स्वस्थानी व्रत कथामा सात वर्षिया गोमाको विवाह ७० वर्षीय वृद्धसँग भएको प्रसङ्गलाई लिएर आजको समयसँग यसको लेखाजोखा गरिएको छ । वर्तमानलाई मिथकसँग जोडिरहन सूत्रधार (रसिक राज) मार्फत गरिएको संवादले दर्शक दुवै समयप्रति सचेत बनिरहन्छन् । 'गोमा कहाँ छिन् ?' भनेर प्रश्न गर्दै गर्दा गोमालाई इङ्गित गदै आम दर्शकतिर गरिएको इशाराले सिङ्गो समाजलाई प्रतिनिधित्व गरिएको छ । नाटक हेरेर सामाजिक सञ्जालमा मिसन अधिकारी लेख्छन्, 'यो नाटकले गम्भीर दर्शकको माग गर्दछ ! नाटक हेरिरहँदा कतै ऐनामा आफ्नै अनुहार त आउँदैन भन्ने भय दर्शकमा पैदा हुन्छ ।

मनोरञ्जनको लागि मात्र नभएर आफ्नै परिवार, आफ्नै समाजको अँध्यारो पक्षसित परिचित हुन नाटकले अपिल गर्छ । आफैँसित संवाद गर्नलाई हेर्ने हो यो नाटक । '

नाटक हेरेपछि दर्शक सरल विक्रम शाह भन्छन्, यो नाटकले म स्वयमनै यो नाटकको पात्र हु भन्ने महसुस गराउँछ। पात्रहरूको परिचय गराउने तरिका निकै नवीन छ। गोमा पात्र अचानक दर्शकहरूबाट उठ्दा निकै तरङ्गित महसुस हुन्छ। नाटकले आफूलाई कोट्याउन बाध्य पार्छ।

नाटकमा सान्सिक प्रोडक्सनको सङ्गीत, निर्मला घिसिङको स्वर, एलिसा तामाङको कोरियोग्राफी र मनोज भण्डारी, सुरज, रसिक तथा शीतलको गीत रहेको छ। पुस ८ गतेबाट मञ्चन भइरहेको नाटकले दर्शकहरूबाट समेत राम्रो साथ पाइरहेको छ। नाटकमा रसिक राज, शीतल थोकर, सुरज पराजुली, आकाश झा, वाइ.एस पौडेल, बिल बहादुर वि.क, सुरज अधिकारी, सरस्वती दाहाल, आरुष जंग सारू मगर, शू गूँ, एलिसा तामाङ, युनिशा खनाल र विवेक भुसालको अभिनय रहेको छ ।

नाटकले अन्याय विरुद्ध गर्जिनुपर्छ र स्वअस्तित्वको लडाइँ लड्नुपर्छ भन्ने सन्देश छोडेको छ। चित्रकला, गीत सङ्गीत र नृत्यको कुशल संयोजन रहेको नाटक पुस १५ गतेसम्म बिहीबार बाहेक हरेक साँझ ५ बजे र शनिवार दिउँसो १ बजे पनि मञ्चन हुनेछ ।

पलले खेल्ने 'मायाका रंगहरु'मा भित्रिए भोजपुरी हिरो

काठमाण्डु । अभिनेता पल शाहको मुख्य भूमिका रहने फिल्म 'मायाका रंगहरु'मा भोजपुरी अभिनेता कुन्दन भारद्वाजको प्रवेश भएको छ । केही दिनअघि पल र कुन्दन दुवैसँग निर्देशक तथा निर्माता केवल तामाङले एकसाथ सम्झौता गरेका हुन् । यसअघि नेपाली फिल्म 'देव वाणी'मा मुख्य भूमिकामा काम गरिसकेका कुन्दनसँग भोजपुरी र बलिउड फिल्मसँगै सिरियलमा समेत काम गरेको अनुभव छ ।

नेपाली र हिन्दी भाषामा बन्न लागेको फिल्मको छायांकन आगामी फागुन अन्तिम साताबाट भारतको सिक्किममा हुने जनाइएको छ । प्रमिस ईन्टरटेनमेन्टको ब्यानरमा निर्माण हुने फिल्मको छायांकन सिक्किमसँगै दार्जिलिङ, इलाम र काठमाडौंमा पनि गरिनेछ । पुनम तामाङ प्रस्तुतकर्ता रहेको फिल्म लभस्टोरी कथामा बन्न लागेको हो । फिल्मका लागि अभिनेत्रीको भने टुंगो लाग्न बाँकी छ ।

जेनिश न्यौपाने सह-निर्माता रहेको फिल्ममा सौरभ लामाको छायांकन, शेखर ज्ञावालीको लेखन, ताराप्रकाश लिम्बू, दीपक शर्मा र उर्गेन दोङको संगीत, सुष्मा सोनम, रामजी लामिछाने र कृष्ण तामाङको नृत्य निर्देशन रहनेछ भने लाइन प्रोडुसरमा पदम तामाङ (नेपाल), टीकाराम अधिकारी (सिक्किम) र सुवास क्षेत्री (दार्जिलिङ) छन् ।

ओस्कारमा सिफारिस 'हल्कारा' अमेजन प्राइममा रिलिज

काठमाण्डु । ९६औं एकेडेमी अवार्ड (ओस्कार)मा नेपालबाट सिफारिस भएको फिल्म 'हल्कारा' विश्वकै प्रख्यात ओटीटी प्लेटफर्म अमेजन प्राइम भिडियोमा बुधबार रिलिज भएको छ । यो प्लेटफर्ममा फिल्मलाई रेन्ट (१० डलर) र बाइ (१५ डलर) सुविधाअन्तर्गत विश्वभरबाट हेर्न सकिनेछ। यस वर्ष नेपालमा प्रदर्शनमा आएको फिल्मले कमजोर व्यापार गरेको भए पनि कथावाचन शैली रुचाइएको थियो ।

विक्रम सापकोटाको लेखन, निर्देशन तथा सम्पादन रहेको फिल्ममा महेश त्रिपाठी र बिनिता थापामगर मुख्य भूमिकामा छन् । स्वं. दीपक क्षेत्री, रोशनी कार्की, शारदा गिरी, पशुपति राई, उमेश तामाङ, विद्या कार्की, प्रकाश दाहाल, विष्णुभक्त अधिकारीको पनि अभिनय रहेको फिल्म हाल युरोप र अमेरिकामा प्रदर्शन भैरहेको छ । फिल्ममा विप्लव प्रतीक र आकाश बरालको सह-लेखन छ ।

कालीपार स्टुडियो निर्माण र आइसफल प्रोडक्सनको संयुक्त सहकार्यमा बनेको फिल्ममा ब्रुनो भ्यालेन्टीको ओरिजिनल म्युजिक छ भने ज्योति रानाको प्रोडक्सन साउन्ड छ । कलरिस्ट लियोनार्डो क्यानेडियन हुन् । गत वर्ष 'वर्ल्डफेस्ट ह्युस्टन इन्टरनेशनल फिल्म फेस्टिभल'मा उत्कृष्ट फिल्म, उत्कृष्ट अभिनेता र उत्कृष्ट छायाँकारको अवार्ड जितेको फिल्मले धेरै फेस्टिभलहरु चहारिसकेको छ ।

अर्थतन्त्र बलियो बन्दै गएको छ : प्रधानमन्त्री

टुडे समाचारदाता

दोलखा । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकको अर्थतन्त्र बलियो बन्दै गएको बताएका छन् । शुक्रबार दोलखा उद्योग वाणिज्य सङ्घले यहाँ आयोजना गरेको महोत्सव उद्धाटन गर्दै प्रधानमन्त्री दाहालले आफू सरकारको नेतृत्वमा आउँदाको समयमा जस्तो अर्थतन्त्र कमजोर नभएको भन्दै अर्थतन्त्रमा सुधार देखिएको बताए ।

“पछिल्लो समय विप्रेषण र राजस्व बढेको छ, विदेशी मुद्रा सञ्चिति पनि बढेको छ”, प्रधानमन्त्री दाहालले भने, “अर्थतन्त्रमा सुधारले मुलुकमा उत्साह देखिएको छ ।” उनले आफ्नो कार्यकालमा अर्थतन्त्र सुधारोन्मुख रहेको भन्दै अब फरक ढङ्गले काम गर्ने प्रतिबद्धता जनाए ।

प्रधानमन्त्री दाहालले दोलखाको उत्पादन बढाउन र पर्यटक बढाउनका लागि महोत्सवले सहयोग गर्ने विश्वास व्यक्त गर्दै गत वर्षको तुलनामा दोलखाको आर्थिक अवस्था राम्रो भएको बताए । उनले चीनदेखि दोलखा हुँदै भारत जोड्ने राजमार्ग निर्माणलाई सरकारले दीर्घकालीन योजनामा राखेको समेत बताए । उनले दोलखामा 'फिल्म सिटी' निर्माणका लागि सरकारको सहयोग रहने समेत स्पष्ट पारे ।

सो अवसरमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा अहिले पर्यटकमा वृद्धि भएको, विप्रेषणमा सुधार आएको र वैदेशिक मुद्रा सञ्चिति बढेको भन्दै अर्थतन्त्र चलायमान बनाउन सरकारले गम्भीर भएर सोच्नुपर्ने बताए । उनले अर्थतन्त्र सुधारका लागि सरकारले निजी क्षेत्रसँग हातेमालो गरी अगाडि बढ्नुपर्ने बताए ।

त्यस अवसरमा पूर्वमन्त्री पार्वत गुरुङले मुलुकको आर्थिक अवस्था सुधारका लागि भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नुपर्नेमा जोड दिए । पूर्वमन्त्री जीपछिरिङ लामाले मुलुकको आर्थिक विकासका लागि दोलखामा जलविद्युत्को राम्रो सम्भावना रहेको र सरकारले लगानी गर्ने आवश्यक रहेको धारणा राखे ।

बागमती प्रदेशका सरकारका पूर्वमन्त्री विशाल खड्काले जिरीमा विमानस्थल आवश्यक भएको भन्दै विमानस्थल निर्माणका लागि सरकारले सहयोग गर्नुपर्ने बताए । शुक्रबारदेखि सुरु महोत्सव पुस २२ गतेसम्म चल्नेछ । महोत्सवका क्रममा विभिन्न सांस्कृतिक झाँकी प्रदर्शन गरिएको थियो ।

'कोशी प्रदेशमा मध्यावधि निर्वाचनको सम्भावना छैन'

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल

टुडे समाचारदाता

मनहरी । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले कोशी प्रदेशमा मध्यावधि निर्वाचनको सम्भावना टरेको बताएका छन् । कोशी प्रदेशमा वर्तमान सर्वदलीय सरकार नै निरन्तर चल्ने र आवश्यक विकास तथा सेवा प्रवाहको काम अघि बढ्ने उनले बताए ।

हेटौँडामा शुक्रबार पत्रकार सम्मलेनमा मुख्यमन्त्री कार्कीले चाँडै नै प्रदेशमा रहेका दलको सहमतिमा कोशी प्रदेश सरकारले पूर्णता पाउने जानकारी गराए । केही समयअघि जारी भएको बजेट अध्यादेशको प्रतिस्थापन विधेयकमा दलले दिएको समर्थनले प्रदेशमा क्रियाशील सबै दलको सहमतिमा पुष्टि गरेको उनको भनाइ छ ।

सङ्घीयता कार्यान्वयनको सवालमा कोशी प्रदेश सरकारले अगुवाइ गर्ने उनले बताए । सङ्घीयता कार्यान्वयनका सवालमा कोशी प्रदेशले सशक्त भूमिका निर्वाह गरिरहेको र प्रदेशको संवैधानिक अधिकारका विषयमा आफू मुख्यमन्त्री बन्दा भएका घटनाक्रमले महत्वपूर्ण भूमिका निर्वाह गरेको उनको भनाइ छ । सङ्घीय सरकार र सांसद लोकप्रियताका लागि जिम्मेवारीभन्दा बाहिरका काममा केन्द्रित भइरहेको उहाँले आरोप लगाए ।

सङ्घीयताले आमनागरिकको आर्थिक सामाजिक रुपान्तरणमा खेलेको भूमिकालाई सङ्घीय सांसदले संसद्बाट अनुमोदन गर्नुपर्ने भए पनि त्यसो हुन नसक्दा वर्तमान व्यवस्थामाथि नै धावा बोल्नेको भीड बढ्न थालेको उनले बताए । सङ्घीय सरकार र प्रतिनिधिसभालाई दबाव दिएर प्रदेश सरकारले संविधानले व्यवस्था गरेको अधिकार खोसेर लिनुपर्नेमा मुख्यमन्त्री कार्कीले जोड दिए । यसका लागि हेटौँडामा छलफल भइरहेको र छलफलले सङ्घीय सरकार र संसद्लाई दबावमूलक सन्देश प्रवाह हुने उनको भनाइ छ ।

सङ्घीयता कार्यान्वयनका सवालमा प्रदेश सरकारले एकजुट भएर फरक शैलीबाट अघि बढ्ने उनले बताए । “कोशी प्रदेशले केही हदसम्म त्यसलाई दबाव दिने र अधिकार लिने काम भएको छ । हेटौँडामा भइरहेको तहगत अधिकारको विस्तृतीकरणले फरक शैलीबाट अघि बढ्ने निर्णय गर्ने उहाँको विश्वास छ । जसले सङ्घीय सरकार र प्रतिनिधिसभालाई दबाव दिएर अधिकार विकेन्द्रीकरणका लागि घच्घच्याउने काम गर्नेछ”, उनले भने ।

छानबिन निष्पक्ष हुनुपर्छ मन्त्री गुरुङको भनाई

टुडे समाचारदाता

वालिङ । कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले भ्रष्टाचारसम्बन्धी छानबिन निष्पक्ष ढङ्गले हुनुपर्ने बताएका छन् । भ्रष्टाचारलगायतका विभिन्न विषयमा ठूला मान्छे जोडिएपछि छानबिन फितलो हुने गरेको भन्दै यसलाई अझ दरिलो तरिकाले अगाडि बढाउनुपर्नेमा जोड दिए।

नेपाल प्रेस युनियन स्याङ्जाले शुक्रबार वालिङमा आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री गुरुङले छानबिन प्रक्रियाप्रति आफू पूर्णरुपमा सन्तुष्ट नरहेको बताएका हुन्। “भ्रष्टाचार, तस्करी, सुनकाण्डलगायतका विषयमा जब छानविन सुरु हुन्छ तब ठूला मान्छेको नाम जोडिन्छ अनि निष्कर्षमा पुग्न नपाउँदै रोकिन्छ, यो प्रवृत्तिको अन्त्य हुनुपर्छ, दोषी जोसुकै भए पनि सजायको भागीदार हुनैपर्छ”, उनले भने। मन्त्री गुरुङले गठबन्धनमा रहेका पार्टीको स्वीकृतिमा प्रधानमन्त्रीले मन्त्रिपरिषद् पुनःगठन गर्नसक्ने बताए।

मन्त्रीहरुको कामको मूल्याङ्कन, पार्टीको स्वीकृतिमार्फत मन्त्रिपरिषद् पुनःगठन हुनसक्ने उनको भनाइ थियो । “प्रधानमन्त्रीको सोचअनुसार काम गर्नसक्ने मन्त्रिमण्डलमा अटाउनु हुन्छ”, उनले भने, “सोअनुसार काम गर्न नसक्ने बिदा हुनुहुन्छ ।” मन्त्रिमण्डल पुनःगठन गर्दा गठबन्धनमा सहभागी भएका राजनीतिक दलहरुको सहमतिबाटै हुने उनको भनाइ थियो।

भाखा नाघेको र निष्कृय कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय मिर्चैयाको २१ दिने सूचना

तपसिल बमोजिमका कर्जा ग्राहकहरुले तमसूकमा लेखिएको शर्त पालना नगरी सम्बन्धित कार्यालयबाट विभिन्न समयमा तर ताकेदा गर्दा पनि समयमा बुझाउनुपर्ने साँवा र व्याज नबुझाई शर्त उलँघन गरेकोले निज संग लिनुपर्ने २०८० पौष १३ सम्मको सम्पुर्ण लेना रकम असुल हुने गरी तपाईको धितो परियोजना बैंक तथा वित्तीय संस्था ऐन २०७३ तथा बैंकको कर्जा असुली कार्यविधि २०७७ परिछेद ३ को दफा ७ को (क) एंव अन्य प्रचलित कार्य विधि अनुसार बैंकको नियमानुसार २१ दिने सुचना प्रकाशित गरीएको छ। अतः २१ दिन भित्र आफनो कर्जा बुझाउनु हुन अनुरोध छ।

क्र. सं.	नाम	ग्राहक नम्वर	मिसिल नं.	ठेगाना	बुवा/पति	बाजे/ससुरा	उदेश्य	साबा रकम	व्याज रकम २०८०/०९/३१ सम्मको	जम्मा रकम
१	अमृत सः मिल (प्रो.श्याम कुमार राय)	६४२८५०	७९१९	फुलबरीया ६	कैलास राय	जिवन राय	ब्यापार	२९०००००	३९००३६	३२९००३६
२	हरखित राय कुर्मी	६४२३३७	६०४९	फुलबरीया ६	फौदी राय	कनि राय	ब्यापार	६२५०००	४८५४२	६७३५४२
३	गुलाई राय कुर्मी	६४२६९२	७७९२	फुलबरीया ६	प्रभु राय कुर्मी	कन्कीर राय	घरायसी	३२००००	१८२११	३३८२११
४	सौखि लाल साह	१०९३६९२	७९६४	फुलबरीया ६	जोगी	सिया लाल	कृषि व्यवसाय	६०००००	१९२७७	६१९२७७
५	रामबाबु साह हलुवाई	६४१९०६	५३८५	फुलबरीया ५	सोनेलाल साह	मधुरी साह	सरल कृषि कर्जा	३०००००	१४१५३	३१४१५३
६	श्रीनारायण यादब	६४१९१२	३६५०	नरहा १	दामोदर	ठकाई	कृषि ब्याबसाय	१००००००	१२०४६२	११२०४६२
७	राम प्यारी देवी यादबनी	६४२६४८	७७५८	नरहा ५	पति : राम बरण	राम अयोध्या	घरायसी	६०००००	८६९३१	६८६९३१
८	भोला यादब	१०६५५०२	७९३६	नरहा १	बुधन	झारुल	कृषि ब्याबसाय	५५००००	६३९८९	६१३९८९
९	भालसैर देवी	१७१७९९३	८१७६	नरहा १	बिष्णु देव यादब	पुलकीत यादब	कृषि ब्याबसाय	५०००००	६४८०६	५६४८०६
१०	जिबछ यादब	१९६५३२१	८२१६	नरहा ४	रामपैत यादब	जनक यादब	सरल कृषि कर्जा	१००००००	३५३२१	१०३५३२१
११	बनारसी यादवनी	६४२८२३	७८९७	नरहा ५	गंगा यादव	श्रीमानःकिसुनदेव यादव	सरल कृषि कर्जा	३०००००	१६३२४	३१६३२४
१२	चन्देश्वरी यादबनी	१२९११५०	८१०३	नरहा १	शिब शंकर यादब	कलसी यादब	कृषि ब्याबसाय	५०००००	५८९२१	५५८९२१
१३	सत्य नारायण महतो	१७३९३३२	८१७७	नरहा ५	खटन महतो	सोनाई महतो	कृषि ब्याबसाय	९५००००	४४२१०	९९४२१०
१४	रामऔतार यादव	६४२३८०	४८४८	नरहा ५	देवनाथ यादव	भगवान यादव	सरल कृषि कर्जा	९३५०००	७४९३८	१००९९३८
१५	बिरेन्द्र कुमार यादब	६४२१८९	७४५३	नरहा ४	अशोवनी कुमार गुरमैता	बैजनाथ गुरमैता	कृषि ब्याबसाय	१६००००	२६८९५	१८६८९५
१६	तारा देवी	३०३२१४४	८२४४	नरहा गा.पा.५	मुनी यादव	श्रीमानःगुरुदयाल यादव	सरल कृषि कर्जा	१००००००	६२९२४	१०६२९२४
१७	नन्दनी जेनरल सपलायर्स (प्रो.कृष्ण कुमार यादब)	६४२१३६	५५१६	नरहा ४	रामअशिष यादब	दुखरण यादब	ओ.डी. र व्यापार	४८४००००	७३६१४९	५५७६१४९
१८	गुरु शरण यादब	६४२७८१	७८६४	नरहा ४	रामअशिष यादब	दुखरण यादब	कृषि ब्याबसाय	९७३०००	१५९६४१	११३२६४१
१९	रामअशिष यादब	६४२१३८	५४५४	नरहा ४	दुखरण यादब	फेकु यादब	कृषि ब्याबसाय	९७७०००	१३८८४५	१११५८४५
२०	रँन्जन ईटा उधोग (प्रो.सन्जय कुमार यादब)	१७७४०११	७९४७	नरहा ५	पत्नी : जयमन्ती	पिता : राजेन्द्र	उधोग कर्जा	५५०००००	५२३६८६	६०२३६८६
२१	सरोज कुमार राय	११५१११९	५९४१	मिर्चैया ६	राम प्रसाद	बैजनाथ	ओ.डी.	३००००००	५२०८३०	३५२०८३०
२२	धनिकलाल मण्डल	१५२६९२९	८१३१	मिरचैया	मलेछी मण्डल	छोराः रामशंकर मण्डल	सरल कृषि कर्जा	१००००००	३९३५०	१०३९३५०
२३	सुर्य विनायक कम्प्युटर ईन्सीचयुट (प्रो.स्मृती हमाल)	६४१९६३	७३८४	मिर्चैया ७	पति : सिनोद यादब	पिता : तिलक बहादुर हमाल	ब्यापार	६४८०४४२	६६५२८१	७१४५७२३
२४	दिप नारायण राय कुर्मी	६४३५१८	८२१३	मिर्चैया ३	रामदयाल राय कुर्मी	सहदेव राय	सरल कृषि कर्जा	५०००००	१६०४५	५१६०४५
२५	शिव शरण यादब	६४२१०२	५९७४	बर्छवा १	रामचन्द्र	तोखन	कृषि ब्याबसाय	७०००००	७८३३२	७७८३३२
२६	सागरदेवी महतो	१०६२२३०	७९२८	बर्छावा १	उतिमलाल महतो	श्रीमानःदेवन महतो	सरल कृषि कर्जा	९९००००	४९१६७	१०३९१६७
२७	विनोद कुमार यादव	६४२६७६	७७७६	बर्छावा ७	रामएकवाल यादव	हिरा यादव	सरल कृषि कर्जा	४०००००	२७१६२	४२७१६२
२८	बसन्त कुमार यादव	११३६९०६	८०४७	बर्छावा १	बैजनाथ यादव	बनवाली यादव	सरल कृषि कर्जा	२०००००	२१८०७	२२१८०७
२९	कृष्णदेव मण्डल	१०९१६५७	७९५५	इटारी प्रसाही-४	सिताराम यादव	जालिम मण्डल	सरल कृषि कर्जा	९५००००	७९८५७	१०२९८५७
३०	शिवदेवी साह	६४२०२५	७४१५	ईटारी पर्साही ७	राम प्रसाद साह	मोहन साह	सरल कृषि कर्जा	६०००००	२९१५६	६२९१५६
३१	कुशेश्वर मण्डल	६४१८१९	४८४०	ईटारी पर्साही	राम स्वरुप	बहुरा	घरायसी	१५००००	१६८६२	१६६८६२
३२	राम एकवाल यादब	६४१८१४	६०८०	कल्याणपुर-२,हाल-६	बासुदेव महतो	शुभलाल महतो	सरल कृषि कर्जा	१५००००	१३५३८	१६३५३८
३३	राम प्रसाद साह	६४१८६९	४५७७	कल्याणपुर ४	विशेश्वर	दगो	सरल कृषि कर्जा	९००००	१०१७७	१००१७७
३४	रुही इमपोरीयम (प्रो.अनिता देवी सिहं)	१२८५७६७	८०९९	कलयाणपुर ९	उपेन्द्र	राम सेबक	ब्यापार	१००००००	६३१७९	१०६३१७९
३५	अनिल कुमार साह	११५८९७१	८०६२	कल्याणपुर ४	रामचन्द्र	सुन्दर	घरायसी	५०००००	२०१४२	५२०१४२
३६	इनरदेव यादव	६४२७५९	७८४७	कल्याणपुर न.पा.९, डुमरी ७	रामअधिन यादव	केशवर यादव	सरल कृषि कर्जा र घरायसी	९५००००	८०१८३	१०३०१८३
३७	परम देवी यादवनी	६४२६५८	६०६४	कल्याणपुर ९	सियाराम यादव	पतिः जिवछ यादव	घरायसी	८०००००	५४६५०	८५४६५०
३८	गनेशी बरही	६४२०५७	२५०४	भेडीया ७	चुल्हाई बरही	छोराः विश्नाथ,शिवनाथ	कृषि ब्याबसाय	९९००००	६८१०१	१०५८१०१
३९	शिव कृषि तथा पशुपालन फर्म (प्रो.शान्ती देवी साह)	३०३०३५९	८२८२	परचिलवा १०	पति : राम लखन साह	बासुदेब साह	कृषि ब्याबसाय	१००००००	९७६०९	१०९७६०९
४०	मनिकलाल यादव	६४२४१९	४५२१	कल्याणपुर-९, डुमरी ३	सिताराम यादव	महन्थी यादव	घरायसी	३१००००	२६५६७	३३६५६७
४१	देब नारायण साहु	६४२२१८	७५२०	कर्जन्हा ७	तिर्थ	नेबैध	कृषि ब्याबसाय	१५००००	१६३८१	१६६३८१
४२	मन्जु पाख्रिन सुडी	१२०७६४१	८०७५	कर्जन्हा ४	गोपाल पाख्रिन	दिपेन्द्र नायक	सरल कृषि कर्जा	३५००००	२०६८५	३७०६८५
४३	कमला देवी साह	६४२८३४	७९०१	करजन्हा ८	पतिः सिताराम	ससुरा : बिसुन	घरायसी	६०००००	७१२४७	६७१२४७
४४	फुल कुमारी साह	६४२८१३	७८९२	कर्जन्हा ९	कलर साह हलुवाई	पतिः मनिकलाल साह हलुवाइ	सरल कृषि कर्जा	२५००००	२६८०९	२७६८०९
४५	ह्दयकान्त यादव	६४२१०६	७४३१	कर्जन्हा ६	नन्दलाल यादव	रविकान्त यादव	घरायसी	३२५०००	३०१९६	३५५१९६
४६	वीरेन्द्र कुमार महरा	१९३९८४७	८१९४	कर्जन्हा ९	अजवलाल महरा	राम प्रसाद महरा	कर्मचारी कर्जा	१००००००	७६५७६	१०७६५७६
४७	विनोद कुमार राउत	६४२८२७	७९००	कालाबन्जर, कर्जन्हा ५	युगेश्वर राउत	सुर्य नारायण राउत	सरल कृषि कर्जा	९०००००	५५५११	९५५५११
४८	योगी साह तेली	६४२६६०	७७६४	बडहरामाल ७	विश्वा साह	विलट साह	सरल कृषि कर्जा	४६५०००	३००७३	४९५०७३
४९	समरी देवी दनुवार	६४२२०२	७४५९	बडहरामाल ७	सरजुग लाल धामी	बर्णलाल दनुवार	सरल कृषि कर्जा	२८००००	२१२७०	३०१२७०
५०	कल्पना लामा	६४२३९१	७५७५	बडहरामाल ६	किशोर कुमार	श्याम कृष्ण	कृषि ब्याबसाय	३०००००	१७८४६	३१७८४६
५१	सिता देवी हलुवाई	६४१८८३	४८८०	बडहरामाल ५	गौरी साह हलुवाई	विशेश्वर साह	सरल कृषि कर्जा	४०००००	२७२११	४२७२११
५२	मित्र कोल्ड स्टोर जेनरल सपलायर्स (प्रो.मनोज प्र.साह)	६४२६२९	७७४६	बडहरामाल २	रामशरण	ठकाई	ब्यापार	४००००००	३६५४०२	४३६५४०२
५३	मुस्कान सःमिल (प्रो. राजन कुमार रोहिता)	६४२७२७	७८२६	बडहरामाल ६	पत्नी : गिता रोहिता	पिता : देब क'मार रोहिता	ब्यापार	१००००००	११३५३७	१११३५३७
५४	इन्दिरा न्यौपाने	१११९१७०	८०२६	रामपुविर्ता ४	शिव प्रसाद कोइराला	पति : दामोदर	सरल कृषि कर्जा	५०००००	३२६८३	५३२६८३
५५	रामदेव महतो	६४२६९७	३७२१	महेश्पपर २	किशोरी महतो	अमृत महतो	सरल कृषि कर्जा	२०००००	१८२५९	२१८२५९
५६	राजवती कुमारी देवी	६४२८४३	७९१८	गम्हरिया महेशपुर ९	नथ'नी यादव	पतिः राजकिशोर यादव	घरायसी	५०००००	३६३०१	५३६३०१
५७	अनिस शाह	१६८२५७६	८१४५	चन्द्र अयोध्यापुर ४	गफार साह	हमीद साह	कृषि ब्याबसाय	७०००००	७०२८०	७७०२८०
५८	सुकदेव ठाकुर	६४२८०६	७८८५	सितापुर-९, मिर्चैया ११	सगम ठाकुर	मुखी ठाकुर	सरल कृषि कर्जा	१००००००	६८६२८	१०६८६२८
	जम्मा							५८२१०४४२	५७८११५१	६३९९१५९३

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय, जनकपुर

युक्रेनी शहरहरूमा व्यापक हवाई आक्रमण

एएफपी

कीएभ । रूसले युक्रेनको राजधानी कीएभसहित युक्रेनका विभिन्न शहरमा शुक्रबार हवाई आक्रमण गरेको अधिकारीहरूले बताएका छन् ।युक्रेनले क्रिमियाको फियोडोसिया बन्दरगाहमा रूसी युद्धपोतमाथि आक्रमण गरेको केही दिनपछि उक्त आक्रमण भएको हो ।

कीएभ शहरका मेयर भिटाली क्लिट्स्कोले टेलिग्राममा एक पोस्टमा विस्फोट भएको जानकारी दिनुभएको छ ।युक्रेनको उत्तरपूर्वमा खार्किभ, पश्चिममा एलभिभ र दक्षिणमा ओडेसासहित कम्तीमा पाँच वटा अन्य शहरमा पनि हवाई आक्रमण गरिएको शहरका मेयर र प्रहरीले बताएका छन् ।खार्किभ क्षेत्रको प्रहरीले भनेको छ, “शत्रुले एस-३०० क्षेप्यास्त्रको प्रयोग गरी शान्त सहरमा आक्रमण गरेका छन् । खार्किभमा १० वटा विष्फोट भएका छन् तर त्यहाँ विशेष सेवाहरू तुरुन्तै स्थापित भएका छन् ।

”सुमी र कोनोटोपमा पनि रातभर आक्रमण भएको बताइएको छ ।दक्षिणी ओडेसामा एउटा अग्लो भवनमा ड्रोनबाट खसेको भग्नावशेषले गर्दा आगलागी भएको शहरका मेयरले बताएका छन् ।“शत्रुको अर्को आक्रमणको परिणामस्वरूप, एक अग्लो भवनमा क्षति पुगेको छ”, मेयर गेन्नाडी ट्रुखानोभले सामाजिक सञ्जालमा लेख्नुभएको छ, आक्रमणपछि लागेको आगो तत्काल नियन्त्रणमा लिइएको छ ।”क्रेमलिनले मङ्गलबार युक्रेनी आक्रमणले क्रिमियाको कब्जामा रहेको फियोडोसिया बन्दरगाहमा रहेको एक युद्धपोतमा क्षति पुगेको स्वीकार गरेपछि युक्रेन र उसका पश्चिमी मित्रराष्ट्रहरूले रूसी नौसेनाका लागि ठूलो धक्का भएको बताएका थिए ।युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले सामाजिक सञ्जालमार्फत् सार्वजनिक सन्देशमा आफ्नो वायु सेनाले नोभोचेरकास्क अवतरण गर्ने जहाजमाथि आक्रमण गरेको बताउनुभएको छ ।उहाँले भन्नुभयो, “रूसी रक्षामन्त्री सर्गेई शोइगुले राष्ट्रपति भ्लादिमिर पुटिनलाई ‘रूसको ठूलो अवतरण जहाजमा भएको क्षतिबारे विस्तृत विवरण’ दिनुभएको छ ।”

रूसको रक्षा मन्त्रालयले उक्त जहाजलाई निर्देशित हवाई क्षेप्यास्त्रले क्षति पुऱ्याएको जनाएको छ ।

युक्रेनको सेनाले पूर्वी क्रिमियाली बन्दरगाहमा क्षेप्यास्त्र आक्रमण गरी रूसी नौसैनिक जहाज ध्वस्त पारेको जनाएको छ ।बिहीबार जेलेन्स्कीले युक्रेनका लागि उपलब्ध हतियारको अन्तिम बाँकी प्याकेज जारी गरेकोमा संयुक्त राज्य अमेरिकालाई धन्यवाद दिनुभएको छ । जेलेन्स्कीले कीएभको मुख्य समर्थक अमेरिकाको नीतिमा कुनै पनि परिवर्तनले युद्धको क्रममा कडा प्रभाव पार्न सक्छ ।

जेलेन्स्कीले सामाजिक सञ्जालमा लेख्नुभएको छ, “म राष्ट्रपति जो बाइडन, अमेरिकी संसद् र अमेरिकी जनताप्रति २५ करोड अमेरिकी डलरको सैन्य सहायता प्याकेजका लागि धन्यवाद दिन्छु ।”“युक्रेन र युरोपमा मात्र होइन, संयुक्त राज्य अमेरिकामा पनि स्वतन्त्रता र सुरक्षाको रक्षा गर्न हामीले जारी रूसी आक्रमणको जवाफ दिइरहनुपर्छ,” उहाँले भन्नुभयो ।

माघमा ‘आहा रारा पोखरा गोल्डकप’

टुडे समाचारदाता

कास्की । मोफसलकै सर्वोत्कृष्ट राष्ट्रिय तथा अन्तरराष्ट्रिय अन्तर क्लब आमन्त्रित फुटबल प्रतियोगिता आहा रारा पोखरा गोल्डकपको २३औं संस्करण आगामी माघ ९ देखि २० सम्म सञ्चालन हुने भएको छ ।

सहारा क्लब पोखराले आयोजना गर्दै आएको प्रतियोगिताका लागि यस वर्ष अखिल नेपाल फुटबल सङ्घबाट समय तालिका प्राप्त भएपछि प्रतियोगिताको तयारी सुरु गरिएको क्लबका महासचिव रामजीप्रसाद अधिकारीले जानकारी दिए । प्रतियोगिता पोखरा रङ्गशालास्थित फुटबल मैदानमा सञ्चालन हुनेछ ।

Aaha! RARA
POKHARA GOLD CUP

खेलकुदको विकासमा सहकार्य गरौं, पोखरालाई खेलकुद पर्यटन सहरका रूपमा स्थापित गरौं’ भन्ने उद्देश्यका साथ बर्सेनि हुँदै आएको प्रतियोगितामा यसपटक विदेशी टोलीहरू, ‘ए’ डिभिजनका क्लबहरू, मोफसलका टोलीहरू र आयोजकको टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्ने क्लबले जनाएको छ ।

गत संस्करणको विजेता सङ्कटा क्लब काठमाडौं तथा उपविजेता भुटनिज युथ स्पोर्टस् क्लब, मिनिसोटा, अमेरिका रहेका थिए । ‘आत्मा साक्षी राखी मन, वचन र कर्मले सामाजिक सेवा गरौं’ भन्ने नाराका साथ विसं २०५५ मा स्थापित सहारा क्लबले आयोजन गर्ने प्रतियोगिता पोखराकै पर्यायवाचीका रूपमा लिने गरिन्छ ।

आहा रारा गोल्डकप देशकै पुरानो मध्येको एक प्रतियोगिता हो । प्रतियोगितालाई पहिलो संस्करणदेखि मुख्य प्रायोजकमा हिमश्री फुड्स प्रालिको उत्पादन आहा तथा रारा चाउचाउले गर्दै आएको छ ।

यसैगरी, उत्कृष्ट पाँच विधाको पुरस्कार सूर्यबहादुर केसीको स्मृतिमा प्रायोजन गरिएको छ । राष्ट्रिय सर्वोत्कृष्ट वर्ष खेलाडी पुरस्कार सहारा क्लबका मानार्थ सदस्य खेमबहादुर गुरुङद्वारा प्रायोजन गरिएको छ ।

‘म्यान अफ दी म्याच’, ट्रफी, नगद र मेडल, सहारा युकेले सहयोग गर्ने महासचिव अधिकारीले बताए । प्रतियोगितामा बचत हुने रकम क्लबबाट सञ्चालित सूर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमीमा खर्च गरिनेछ ।

क्लबले विपन्न तथा कठिन परिस्थितिका बालकलाई आवासीय रूपमा निःशुल्क स्वास्थ्य, शिक्षादीक्षालगायत फुटबल प्रशिक्षण गर्दै आएको छ । क्लबले सहारा फुटबल एकेडेमी सञ्चालन गरी बालकहरूलाई फुटबल खेल सिकाउँदै आएको छ । हाल चौथो ब्याचको एकेडेमीमा आठ जिल्लाका १४ जना बालक आश्रित छन् ।

युक्रेनमा रूसको क्षति ‘व्यापक’:जर्मन जनरल

एएफपी

बर्लिन । युक्रेनमा रूसले ठूलो मानवीय तथा भौतिक क्षति बेहोर्नुपरेको र यस द्वन्द्वबाट रूस कमजोर हुने जर्मनीका एक वरिष्ठ सैनिक अधिकारीले शुक्रबार प्रकाशित एक अन्तर्वार्तामा बताएका छन् ।

सन् २०२२ को फेब्रुअरीमा आक्रमण सुरू गरेको रूसी सेनाविरुद्धको युद्धका लागि पश्चिमी समर्थन कायम राख्न कीएभ लडिरहेका बेला यो अन्तर्वार्ता आएको हो ।

“तपाईंलाई थाहा छ, पश्चिमा गुप्तचर निकायका अनुसार तीन लाख रूसी सैनिक मारिएका छन् वा यति गम्भीर घाइते भएका छन् । उनीहरूलाई युद्धका लागि परिचालन गर्न सकिँदैन,” कीभका लागि जर्मन सेनाको समर्थन हेर्ने क्रिश्चियन फ्रायडिङले सुइड ड्युचे जेइटुङ पत्रिकासँग बताउनुभयो । यसै महिनाको सुरुमा सार्वजनिक भएको अमेरिकी गुप्तचर निकायले युक्रेनमा युद्ध सुरु भएयता तीन लाख १५ हजार रूसी सैनिक मारिएको वा घाइते भएको सङ्केत गरेको थियो । जर्मनीका रक्षामन्त्री बोरिस पिस्टोरियसका प्रमुख सल्लाहकारसमेत रहेका फ्रायडिङले भन्नुभयो, “रूसले मानिस र सामग्रीको ठूलो क्षति बेहोर्नुपरेको छ ।”रूसले हजारौं युद्धक ट्याङ्की र इन्फेन्ट्री लडाकू सवारी साधन पनि गुमाएको उहाँले बताउनुभयो ।उहाँले भन्नुभयो, “भौतिक र सैनिक दुवै हिसाबले कमजोर भएको यो युद्धबाट रूसी सशस्त्र बल बाहिर निस्कनेछ ।”फ्रायडिङका अनुसार रूसले ‘कैदीको प्रयोगसहित’ सैनिक भर्तीलाई निरन्तरता दिएको र रूसको हतियार उद्योगमा ठूलो लगानी भइरहेको छ ।

रूसका राष्ट्रपति भ्लादिमिर पुटिनले सन् २०२३ मा मस्कोले स्वेच्छाले सेनाका लागि चार लाख ८६ हजार सैनिक भर्ना गरेको र अर्को वर्ष सेनालाई बलियो बनाउने प्रयासले तीव्रता पाउने बताउनुभएको थियो ।

रूसको रक्षा क्षमतालाई बढावा दिने वाचा गर्नुभएकोले अर्थव्यवस्था युद्ध प्रयासतर्फ मोडियो र क्रेमलिनले व्यापक पश्चिमी प्रतिबन्धहरूको प्रभावलाई बेवास्ता गरिरहेको उहाँले बताउनुभयो । जर्मन जनरल फ्रायडिङले रूसले युद्धको सुरुवातमा पश्चिमी सहयोगीहरूले अपेक्षा गरेकोभन्दा बढी ‘लचीलोपन’ प्रदर्शन गरिरहेको दावी गर्नुभयो ।

श्रीलङ्कामा डिसेम्बरमा दश हजारभन्दा बढी व्यक्ति डेङ्गुबाट सङ्क्रमित

सिन्ह्वा

कोलम्बो । श्रीलङ्कामा डेङ्गुका बिरामीको संख्या बढ्दै गएको र डिसेम्बरमा मात्रै १० हजारभन्दा बढी सङ्क्रमित भेटिएको राष्ट्रिय डेङ्गु नियन्त्रण एकाइ (एनडीसीयू) ले शुक्रबार जानकारी गराएको छ ।



एकाईका अनुसार डिसेम्बरमा १० हजार ५९० जनामा सङ्क्रमण देखिएको थियो भने नोभेम्बरमा डेङ्गु सङ्क्रमितको संख्या सात हजार ९९५ रहेको थियो ।

डेङ्गु सङ्क्रमितको संख्या अक्टोबरमा चार हजार १० र सेप्टेम्बरमा दुई हजार ६०५ रहेको राष्ट्रिय डेङ्गु नियन्त्रण एकाईले जानकारी गराएको छ ।

श्रीलङ्कामा यस वर्ष हालसम्म ८७ हजार ७८ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ भने ५५ जनाको मृत्यु भएको छ ।

कोलम्बो जिल्लामा सबैभन्दा बढी २१.१ प्रतिशत सङ्क्रमित भेटिएका छन् ।

श्रीलङ्काका स्वास्थ्य अधिकारीहरूले वर्षा याममा यो रोग फैलन सक्ने चेतावनी दिएका छन् ।

युक्रेनी संसद्को प्राथमिकता ईयू र नाटोसँगको सहकार्य

सिन्ह्वा

कीएभ । युरोपेली सङ्घ र उत्तर एट्लान्टिक सन्धि सङ्गठन नाटोसँगको युक्रेनकोसम्बन्ध आगामी बर्ष युक्रेनी संसद्को प्राथमिकतामा हुने इन्टरफ्याक्स-युक्रेनी समाचार एजेन्सीले रिपोर्ट गरेको छ ।

> आगामी मार्चसम्म युक्रेनी संसद्ले कानूनलाई युरोपेली संघका कानूनसंग मिलान गर्न विधायी ढाँचामा काम गर्ने योजना बनाएको स्टेफानचुकले बताउनुभएको हो ।

युरोपेली संसद्का सभामुख रुस्लान स्टेफानचुकलाई उद्धृत गर्दै युक्रेनी संस्थाले यस्तो खुलासा गरेको हो । आगामी मार्चसम्म युक्रेनी संसद्ले कानूनलाई युरोपेली सङ्घका कानूनसँग मिलान गर्न विधायी ढाँचामा काम गर्ने योजना बनाएको स्टेफानचुकले बताउनुभएको हो ।

उहाँका अनुसार विधायिकाको ढाँचामा ३५ खण्ड समावेश छन् । जुन युरोपेली सङ्घ एकीकरण तथा संसद्को लागि मार्गदर्शक बन्ने आशा ब्यक्त गरिएको छ । “संसद्ले युक्रेनी सेनालाई नाटो मापदण्डको नजिक ल्याउने उद्देश्यले कानूनको अवलम्बनमा ध्यान दिनेछ,” स्टेफानचुकले भन्नुभयो ।

सन् २०२४ का लागि परिचालन प्रक्रिया तथा रुस-युक्रेन द्वन्द्वमा सहभागी सैन्य कर्मचारीसँग सम्बन्धित कानूनहरूमा काम गर्नु संसद्को प्राथमिकतामा रहेको छ ।प्रधानमन्त्री डेनिस श्माइयालका अनुसार डिसेम्बर १४ मा युरेपेली सङ्घका नेताहरू युक्रेनसँग सदस्यता वार्ता गर्न सहमत भएका छन् । पूर्वी युरोपेली देशले सदस्यताको बाटोमा दुई हजार सात सय ३९ कानुनी कार्यहरू कार्यान्वयन गर्न आवश्यक छ ।

ट्रम्प राष्ट्रपतिको प्रथम चरणको मतदानका लागि अयोग्य

सिन्ह्वा

सान फ्रान्सिस्को । सन् २०२१ मा अमेरिकी संसद भवनमा भएको आक्रमणमा संलग्न भएको आरोपमा पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पलाई आगामी वर्ष हुने अमेरिकी राष्ट्रपतीय प्राथमिक (प्रथम चरण) को निर्वाचनमा अमेरिकी राज्य मेनको मतपत्रमा राख्नका लागि अयोग्य घोषित गर्ने निर्णय गरेको छ ।

सन् २०२० को निर्बाचन परिणाम उल्टाउने प्रयासमा अमेरिकी संसद् भवनमा गरेको हिंसामा आफ्ना प्रशंसकलाई उक्साउने काम गरेको ठहर गर्दै पूर्व राष्ट्रपति ट्रम्प मेन राज्यको रिपब्लिकन प्राइमरी निर्बाचनका लागि योग्य नरहने अदालतले फैसला गरेको मेनका स्टेट सेक्रेटरी शेना बेलोजले बताउनुभयो ।

ट्रम्पको चुनावी अभियानले बेलोजको निर्णयविरुद्ध मेनको राज्य अदालतमा अपिल गर्ने बताएको छ र बेलोजले उक्त अदालती प्रणालीले यस मुद्दामा फैसला नगरेसम्म उक्त निर्णयलाई कार्यान्वयन गर्नु हुनेछैन ।

अन्त्यमा, देशको सर्वोच्च अदालतले ट्रम्प मेन र अन्य राज्यहरूमा मतपत्रमा समावेश हुने वा नहुने भन्नेबारे अन्तिम निर्णय गर्नेछ ।

कोलोराडो राज्यकी विदेशमन्त्री जेना ग्रिसवोल्डले कोलोराडो राज्यको सर्वोच्च अदालतले ट्रम्पविरुद्ध यसअघिको फैसलालाई सदर नगरेसम्म सन् २०२४ को राष्ट्रपतीय प्राइमरी निर्बाचनमा ट्रम्पको नाम यथावत रहने बिहीबार पुष्टि गर्नुभएको थियो ।

कोलोराडो रिपब्लिकन पार्टीले एन्डरसनविरुद्ध कोलोराडो सर्वोच्च अदालतको फैसलाविरुद्ध अपिल गरेको छ । ग्रिसवोल्डले यससम्बन्धी आफ्नो धारणा राख्दै भन्नुभएको छ, “अमेरिकी सर्वोच्च अदालतले मुद्दा लिन इन्कार नगर्दा वा कोलोराडो उच्च अदालतको निर्णयलाई पुष्टि नगर्दासम्म दायर गरिएको अपिलको साथ, ट्रम्पलाई कोलोराडोको सन् २०२४ को राष्ट्रपतीय प्राइमरी निर्वाचनमा उम्मेदवारको रूपमा समावेश गरिनेछ ।”

यद्यपि ग्रिसवोल्डले आफ्नो भनाइमा सन् २०२० को निर्वाचन र विशेष गरी जनवरी ६, २०२१ को अमेरिकी संसद्मा भएको घटनालाई चौधौं संशोधनको धारा तीन अन्तर्गत उल्टाउने प्रयासका कारण ट्रम्प अयोग्य भएको बताउनुभएको थियो ।

एनएसएलमा विदेशी खेलाडीले बढाएको प्रतिस्पर्धा

टुडे समाचारदाता

काठमाण्डु। नेपाल स्पोर्ट्स एण्ड इभेन्ट म्यानेजमेन्टको आयोजनामा ९ फ्रेन्चाइज टोली सम्मिलित एनएसएल फुटबल प्लेअफ चरणमा पुगेको छ ।सहभागी ९ टोलीले एक अर्काविरुद्ध लिग खेलिसकेका छन् र शीर्ष ४ टोलीले प्लेअफमा प्रतिस्पर्धा गर्दैछन् ।

पछिल्लो समय नेपालको घरेलु फुटबल निरन्तर नभइरहेको अवस्थामा एनएसएसमार्फत नेपाली फुटबल एक पटक चलायमान भएको छ ।फरक तरिकाले पनि नेपाली फुटबल प्रतियोगिता आयोजना गर्न सम्भव छ भन्ने यसले देखाएको छ ।मैदानमा खेलाडी र टिमहरुबीच शीर्ष बन्ने भन्ने होडबाजी चलिरहँदा मैदान बाहिर पनि एनएसएलको छुट्टै माहोल भयो ।

एनएसएल शहीद स्मारक लिग भन्दा फरक छ । एनएसएल खेल्ने टिम स्टार होटलमा बस्छ ।

आफ्नै बस चढेर खेलाडीहरु आउने जाने गर्छन् । आकर्षक जर्सीहरु लगाएर खेल्छन् । यस्तै यस्तै ।

यस बाहेक दर्शकका लागि भनेर आयोजक छुट्टै मनोरञ्जनसहित केही विशेष प्याकेज ल्याएको छ । जसले एनएसएललाई अझ विशेष बनाएको छ।

२०७८ सालमा पहिलो पटक एनएसएल हुँदा कोभिडको महामारी चलिरहेको थियो । तपनि आयोजकले दर्शक बिना नै एनएसएल गऱ्यो ।

यस पटक दर्शकसहितको खेल भइरहेकाले दर्शकका लागि केही व्यवस्था पनि गरिएको छ ।फुटबलमा चियर लिडर्स हो रंगशालमा एनएसएल भइरहँदा हामी चियरलिडर्स पनि देख्न सक्छौं ।

विदेशी फ्रेन्चाइज क्रिकेट लिगहरु इन्डियन प्रिमियर लिग आईपीएल क्रिकेट, बिग बास लिग लगायत लिगमा हामीले चियर लिडर्सको आकर्षक प्रस्तुति देख्दै आएको थियौं ।

यस्तै नेपालमै भएको एभरेष्ट प्रिमियर लगमा पनि यो व्यवस्था गरेको थियो ।तर नेपाली पुटबलमा भने पहिलो पटक चियर्स लिडर्सको व्यवस्था गरिएको छ ।

दर्शकका लागि यो अर्को नयाँ विषय हो फुटबलमा चियर लिडर्स । खेल सुरु हुनुअघि, हाफ टाइम ब्रेक र खेल सकिएपछि, गोल गरेपछि चियर लिडर्सले आकर्षक प्रस्तुति दिन्छन् । साभारण प्यारापिटको बीचमा बनाइएको स्टेजमा उनीहरुले विभिन्न गीतमा प्रस्तुति दिँदै आएका छन् ।

खेलको माहोल तताउने र दर्शकलाई नयाँ मनोरञ्जन दिने उद्देश्यले यसो गरिएको हो ।

यस्तै केही खेलअघि कलाकार ल्याएर सांगितिक प्रस्तुति समेत दिने गरिएको छ ।

एनएसएलमा भएको अर्को नयाँ प्रयोग हो डिजिटल रनिङ बोर्ड । विदेशमा यो विषयमा सामान्य भएपनि नेपालमा भने पहिलो पटक राखिएको हो ।

यसअघि रंगशालमा फुटबल हुँदा मैदानको बाहिरी भागमा विभिन्न कम्पनीको फ्लेक्स विज्ञापन बोर्ड राखिने गरेको थियो । तर एनएसएलमार्फत नेपाली फुटबलमा पहिलो पटक डिजिटल रनिङ बोर्ड राख्न सुरु गरिएको छ ।२०७८ मा भएको एनएसएलमा यो व्यस्था थिएन । यस पटक भने आयोजकले डिटिजल बोर्ड राखेको हो ।अहिले विदेशी फुटबलमा जस्तै डिजिटल बोर्डमा विज्ञापनहरु कुदिरहेको देख्न सकिन्छ ।

एनएसएल आयोजकको विज्ञापन, एनएसएलको प्रायोजक र सहभागी ९ फ्रेन्चाइझको प्रायोजकहरुको नाम उक्त रनिङ बोर्डमा देखाउने गरिन्छ ।

यस पटक भएको अर्को आकर्षक प्रयोग हो फ्रि टिकट । यो भने आयोजकले नभई विभिन्न फ्रेन्चाइजहरुले दर्शक तान्नलाई ल्याएको योजना हो ।साँझको समयमा खेल हुँदा चिसो बढि हुन्छ ।

जसले गर्दा दर्शकहरु रंगशालातिर त्यति आएका छैनन् । दर्शक नहुँदा फुटबल खेल्न पनि खेलाडीलाई उति जोश हुँदैन । त्यसैले यस पटक सहभागी टिमहरुले फ्रि टिकेट दिने व्यवस्था गरेको हो ।त्यसमा अघि आउँछ ललितपुर सिटी एफसी । ललितपुरले सुरुमा ५०० वटा फ्रि टिकट बाँडेको थियो ।

त्यसपछि हरेक खेलमा एक हजार भन्दा बढी कहिले कहीँ दुई हजार फ्रि टिकट उपलब्ध गराउँदै आएको छ ।

बुटवल लुम्बिनीले आफ्नो स्पोन्सर करेन्ट चाउचाउको खोल ल्याउनेलाई पनि टिकट दिने व्यवस्था गरेको थियो । एफसी चितवनले पनि फ्रि टिकट दिने गरेको थियो ।

अर्को आकर्षक व्यवस्था भनेको फ्यान अफ द म्याच हो । यस पटक एनएसएलमा फ्यान अफ द म्याचको पनि व्यवस्था गरिएको छ र हरेक खेलमा एक फ्यानले यो अवार्ड पाउनेछन् । साथै नगद ५ हजार पनि प्राप्त गर्नेछन् ।

आयोजकको अफिसियल फोटोग्राफरले फोटो खिच्नेछन् र त्यसबाट उत्कृष्ट फ्यान चयन गरिनेछ ।

उक्त फ्यानले खेलको प्लेअर अफ दि म्याचसँग पनि फोटो खिचाउने अवसर पाउनेछन् ।

दशरथ रंगशालमा सरकारको मातहतमा छ । यसको रेखदेख लगायत काम राष्ट्रिय खेलकुद परिषदले गर्दै आएको छ । जसले गर्दा सुरक्षा व्यवस्थालाई ध्यानमा राख्दै रंगशाला भित्र खाने कुराहरु लैजान दिँदैन ।यसअघि ए डिभिजन लिग लगायत अन्य खेलहरु हुँदा पनि दर्शकका लागि रंगशाल भित्र खाने कुराको व्यवस्था थिएन ।तर यसपटक भने एनएसएको आयोजकले दर्शकका लागि फुडकोर्टको छुट्टै व्यवस्था गरेको छ । जसले गर्दा दर्शकले विभिन्न खाले कुरा खाँदै खेलको मज्जा लिन सक्नेछन् ।आयोजकले यस पटक सुरक्षा व्यवस्थालाई राम्रोसँग म्यानेज गरेको छ ।

यस्तै दर्शकका लागि आयोजकले मैदानको दक्षिण तर्फको गेटबाट भीआईपी प्यारापिट जाने स्थानमा र उत्तरपट्टी आर्मीको गेटतर्फ पनि फुट कोर्ड राखेको छ ।जहाँ समर्थकले विभिन्न खानेकुरादेखि जुस कफी लिन सक्छन् । यस्तै भीआईपी प्यारापिटमा पनि दुई फुडकोर्ट राखेको छ । यसबाट फुटबल कोर्ट सञ्चालकले केही आम्दानी पनि गरेका छन् ।

एनएसएलको खेलको स्तर प्रतिस्पर्धात्मक देखिएको छ । केही खेलको स्तर अहिलेसम्मकै राम्रो छ ।

झापा र इलामबीचको खेलपछि इलामका प्रशिक्षक मेघराज केसीले खुलेरै तारिफ गरेका थिए । उनले यति राम्रो खेल नेपाली फुटबलमा बिरलै भएको बताएका थिए ।

त्यस खेलमा उनले आफूले दर्शकको रुपमा समेत मनोरन्जन लिएको बताएका थिए ।यस पटक सहभागी टोलीले ६ विदेशी खेलाडी राख्न पाउने प्रावधान छ ।

त्यसमा पनि ५ विदेशी एकै पटक मैदानमा खेल्न पाउँछ । दुई टिमको गरी २२ खेलाडी मैदानमा उत्रँदा लगभग आधा जति (१०) खेलाडी विदेशी हुँदा खेलको प्रतिस्पर्धा पनि बढ्ने नै भयो ।

एनएसएल सुरु हुनुअघि नै प्रशिक्षकहरुले यस पटक विदेशी खेलाडीको प्रदर्शन निर्णायक हुने बताएका थिए । विदेशीले राम्रो प्रदर्शन गर्दा त्यसले खेलको नतिजा नै परिवर्तन हुने देखिँदै आएको छ ।

सर्वाधिक ५ गोल गर्नेमा वीरगञ्ज युनाइटेडका विलियम ओपोकु र पोखरा थन्डर्सका मोसे ग्यावाह छन् ।

यस्तै सर्वाधिक क्लिनसिट राख्नेमा झापाका किपर स्टेफन क्युपिक छन् । उनले ५ खेलमा गोल खाएनन् ।

यसपटक युरोपियन लिग खेलिसकेकायुरोपालिगमाप्रतिस्पर्धा गरेकादेखि विश्वकप खेलेका खेलाडीहरु समेत नेपाली मैदानमा उत्रिएका छन् । अनि टचलाइनमा स्पेन देखि अष्ट्रेलियासम्मका प्रशिक्षक छन् ।

ड्रागन फ्रुटको खेती विस्तार हुँदै

टुडे समाचारदाता

इलाम । पछिल्लो समय इलाममा ड्रागन फ्रुटको खेती विस्तार भएको छ। गत वर्ष शून्य दशमलव पाँच हेक्टर जमिनमा लगाइएकामा यस वर्ष १० हेक्टर जमिनमा विस्तार भएको कृषि ज्ञान केन्द्र इलामले जनाएको छ। ज्ञान केन्द्रका प्रमुख टोनी बर्देवाका अनुसार गत वर्ष तीन मेट्रिक टन उत्पादन भएको ड्रागन फ्रुट यस वर्ष तीन दशमलव दुई मेट्रिक टन उत्पादन भएको हो।

माईजोगमाई गाउँपालिकाको सोयाङ, नामसालिङ इलाम नगरपालिकाको गोलाखर्क, माईखोला, भञ्ज्याङ तथा चुलाचुली गाउँपालिकाको तल्लो भू-भागलगायत क्षेत्रमा उक्त खेती विस्तार हुँदै गएको बर्देवाले बताउनुभएको छ । "नयाँ खेतीमा किसानको आकर्षणलाई प्रोत्साहन दिन ज्ञान केन्द्रले अनुदान सहयोग सुरु गरेको छ," उनले भने, "व्यावसायिक फलफूल बगैँचा स्थापना सहयोग कार्यक्रमअन्तर्गत अनुदान दिइएका छौँ।"

माईजोगमाई -५ सोयाङका लक्ष्मण खत्रीले चार रोपनी क्षेत्रफलमा प्रतिपिलर चारवटा बिरुवाका दरले एक सय ५० पिलर लगाएका छन् । "भर्खर ३०-४० पिलरबाट मात्र फल उत्पादन सुरु हुँदैछ, वार्षिक ८० हजार आम्दानी छ", उनले भने, "कुनै दुई वर्षका, कुनै तेस्रो वर्षका बिरुवामात्र छन्, चार वर्षको म्याचोर्ड भएपछि त एउटै पिलरले ४० केजीसम्म उत्पादन दिने रहेछ ।" खत्रीले इलाम बजारमा प्रतिकेजी पाँच सयका दरले बिक्री गर्दै आउनुभएको छ । "उत्पादन बढ्दै गएपछि अन्य जिल्लाका बजार खोज्नुपर्ला, अहिलेसम्मको चैं यहीँबाट खपत भइरहेको छ," उनले भने।

झापाको प्यारोडाइज एग्रोफार्मबाट बिरुवा मगाएर त्यहाँको परामर्शबमोजिम खत्रीले खेती सुरु गरेको आउँदो जेठमा चार वर्ष पुग्छ । "इलाममा ड्रागन फ्रुटको खेती सुरु गर्ने सायदै म नै पहिलो होला, विज्ञको सुझाव र काम गर्ने लगनशीलताले मलाई सफल भएँ जस्तो लाग्छ," उनले भने, "यसले वैशाखदेखि सुर भएर कात्तिकसम्म फल दिन्छ।

स्वादिलो तथा पोषिलो यो फलको यति बेला बजारमा राम्रै माग छ।"

इलाम गोलाखर्कका अर्का किसान सन्देश खड्काले ड्रागन फ्रुटलाई सजावट तथा फल उत्पादन दुवै प्रयोजनका लागि प्रयोग गरिने बताए । यो फलको खेती पानी कम पर्ने ठाउँहरुमा एकदम राम्रो हुने गरेको उनले बताए । "विशेषगरी सुगर र कोलेस्ट्रोलका बिरामीका लागि यो हितकर छ। यसमा प्रोटिनको प्रशस्त मात्रा पाइन्छ, जसले गर्दा सुगर र कोलेस्ट्रोललाई नियन्त्रणमा राख्न धेरै मद्दत गर्दछ," किसान खड्काले भने। चिकित्सकका अनुसार यो भिटामिन र मिनिरल्सको राम्रो स्रोत हो । यो एन्टिअक्सिडेन्टको राम्रो स्रोत भएकाले बाथरोगका बिरामीहरुलाई धेरै लाभदायक छ। त्यतिमात्र हैन यसले मुटु पनि स्वस्थ राख्दछ।

ड्रागन फ्रुट थोरै मलिलो माटो र तापक्रममा धेरै भिन्नता भएको ठाउँमा पनि रोप्न सकिने किसान बताउँछन् । उष्ण क्षेत्र यो खेतीका लागि उत्तम मानिने किसान खत्रीले बताए । यदि धेरै घाम लाग्ने ठाउँ छभने छाया प्रदान गरी राम्रो उत्पादन लिन सकिने उनको भनाइ छ । "यसका लागि हल्का बलौटेदेखि दोमट माटो उपयुक्त हुन्छ। प्राङ्गारिक मल धेरै भएको र पानीको निकास राम्रो भएको ठाउँ राम्रो मानिन्छ । माटो मसिनो हुने गरेर जोतेर झारहरु सफा गरी प्राङ्गारिक मल आवश्यकताअनुसार हाली बिरुवा रोप्न सकिन्छ", उनले भने । यसको बीउबाट बिरुवा बन्न धेरै समय लाग्ने र बीउबाट फलमा मात्र गुणमा परिवर्तन आउने हुँदा फल राम्रो लाग्दैन त्यसैले व्यावसायिक खेती गर्न बीउबाट उत्पादित बिरुवाले सम्भव नहुने उनको सुझाव छ। ड्रागन फ्रुट खेतीका लागि थोपा सिँचाइ प्रयोग गर्नु उत्तम हुने विज्ञ बताउँछन्।

छ गाउँपालिका र चार नगरपालिका भएको इलामका सबै पालिकामा यो खेती विस्तार भइसकेको छैन । तर हावापानी र तापक्रम मिल्ने क्षेत्रका किसान यस खेतीतर्फ आकर्षित भएको ज्ञान केन्द्रले जनाएको छ। वार्षिक ठूलो परिमाणमा बाहिरबाट आयात हुने ड्रागन फ्रुट जिल्लाका विभिन्न स्थानमा व्यावसायिक खेती सुरु हुँदा अनुदानमार्फत प्रोत्साहन दिएको ज्ञान केन्द्रका प्रमुक बर्देवाले बताए। बजारको उचित व्यवस्था गरी किसानलाई थप अनुदान प्रदान गरेर स्थानीय तहले समेत प्रोत्साहन दिन सके नयाँ खेतीका रुपमा यो फल इलाममा फस्टाउने सम्भावना रहेको उनको भनाइ छ।

अम्रिसो बेचेर तीन करोड बढी आम्दानी

टुडे समाचारदाता

नवलपरासी । नवलपरासी (बर्दघाट सुस्तापूर्व)को पहाडी क्षेत्रमा रहेका कबुलियत वनमा लगाइएको अम्रिसोबाट तीन करोडभन्दा बढी आम्दानी भएको छ।

गत आर्थिक वर्षमा सो वनमा लगाइएको अम्रिसोबाट दुई सय ५१ मेट्रिक टन अम्रिसो उत्पादन भएको थियो । यसबाट रु तीन करोड २६ लाख ३५ हजार आठ सय ५० आम्दानी भएको डिभिजन वन कार्यालय नवलपुरका सूचना अधिकारी हरिप्रसाद गौतमले जानकारी दिए।

"डिभिजन वन कार्यालयले वनमा आश्रित घरपरिवारलाई आयमूलक पेसामा जोड्न पहाडी क्षेत्रमा अम्रिसो खेतीलाई प्रोत्साहन गर्दै आएको छ", उनले भने, "यसै वर्ष ५५ हजार बोट अम्रिसोको बिरुवा पहाडी क्षेत्रमा वितरण गरी रोपिएको छ, यसले थप क्षेत्रफल बढ्ने र क्रमशः अम्रिसोबाट हुने आम्दानी बढाउँदै लैजाने छ।"

अम्रिसो व्यापारीले खरिद गरी भारत, बङ्गलादेशसम्म निर्यात गर्ने गरेको सूचना अधिकारी गौतमले बताए। यसबाहेक स्थानीय बजार कावासोती, दलदले, नारायणगढ र बुटवलमा अम्रिसोको कुचो बिक्री हुने गरेको छ।

पहाडी क्षेत्रको जीविकोपार्जनमा अम्रिसो वरदानजस्तै बनेको कबुलियत वन जिल्ला सुपरभाइजर तुलबहादुर रानाले बताए । उनका अनुसार जिल्लाको पहाडी क्षेत्रलाई चार भागमा विभाजन गरी यहाँ रहेका कबुलियत वनमा अम्रिसो खेती लगाउने गरिएको छ। यसअनुसार हुप्सेकोट गाउँपालिकाको राम्चे क्षेत्रमा १९ वन समूह छन्। यी वन समूहमा अम्रिसो खेती गर्ने घरधुरी संख्या एक सय ९० रहेको छ।

बौदीकाली गाउँपालिकाको रुचाङ क्षेत्रका २५ वन समूहमा दुई सय २८ घरधुरी, बुलिङटार गाउँपालिका क्षेत्रका २५ समूहमा तीन सय २५ र हुप्सेकोट क्षेत्रका २५ समूहमा तीन सय २५ घरधुरी अम्रिसो खेतीमा आबद्ध छन् ।"चार क्षेत्रमा गरी एक हजार ६८ घरधुरी कबुलियत वनमा आबद्ध भएर अम्रिसो खेती गर्दै आएका छन्", उनले भने, "सामूहिक रूपमा अम्रिसो खेती गर्ने र आएको रकम प्रतिघर बाँड्ने गरिएको छ।"

नवलपरासी (बर्दघाट सुस्तापूर्व)को पहाडी क्षेत्रमा बस्ने अधिकांश सर्वसाधारणको आम्दानीको बलियो स्रोत अम्रिसो बन्दै गएको हुप्सेकोट गाउँपालिका-५ का वडाअध्यक्ष पदमबहादुर रानाले बताए।

"केही वर्ष पहिलेसम्म नाङ्गा पाखाका रूपमा रहेको पहाड अहिले आम्दानीको स्रोत बनेको छ", उनले भने, "बर्सेनि अम्रिसोको कुचो बिक्री गरेर एक परिवारले तीन लाख रुपैयाँसम्म आम्दानी गर्ने गरेका छन् ।"हुप्सेकोट-५ राम्चेका श्यामबहादुर राईले पनि अम्रिसो बेचेर वार्षिक करिब ९५ हजार आम्दानी गर्ने गरेको बताए। "धान लगाउने खासै ठाउँ छैन, सबै पाखोबारी छ, लगाएको धानले बढीमा चार महिना पुग्छ", उनले भने, "पहाडको पाखामा अम्रिसो खेती गरी आम्दानी हुन थालेपछि यसबाट चामल खरिद गरेर वर्षभरि खानपुग्ने भएको छ।"

प्रत्येक दुई-दुई वर्षमा काट्न सकिने भएकाले पनि कृषक बर्सेनि फरक-फरक ठाउँमा यो खेती गरेर आम्दानी लिने गरेको बुलिङटार गाउँपालिका-४ देउरालीका मीनबहादुर आलेले बताए।

उनले वार्षिक अम्रिसो बिक्री गरेर करिब ६० हजार आम्दानी गर्ने गरेका छन्। "यहाँ पाखोबारी धेरै रहेकाले सिँचाइका लागि आकाशे पानीको भर पर्नुपर्ने अवस्था छ, यसले अन्य खाद्यबाली गर्न नसकिने हुनाले अम्रिसो खेती गर्ने गरेका छौँ", उनले भने।

प्रत्येक वर्ष जेठ अन्तिमदेखि असार १५ गतेसम्म अम्रिसो लगाउने गरिन्छ भने मङ्सिरदेखि फागुनसम्म अम्रिसो काट्ने गरिएको छ।

महोत्सवको आकर्षण स्थानीय उत्पादन

टुडे समाचारदाता

गलकोट । पछिल्ला समय मेला र महोत्सव आयातीत उत्पादन बिक्रीवितरणमा प्रेरित भइरहेका सन्दर्भमा बुधबारदेखि बागलुङमा सुरु भएको बागलुङ महोत्सवमा स्थानीय उत्पादनलाई प्राथमिकता दिइएको छ।

महोत्सवको मुख्य मञ्चतर्फ 'मेड इन बागलुङ' नाम दिएर स्टलमा स्थानीय उत्पादनअन्तर्गत अल्लोका कपडा, नेपाली कागज, भाँगो, गुन्द्रक र सिस्नोको धुलोलगायतका सामग्री बिक्रीका लागि राखिएका छन् । कृषि ज्ञानकेन्द्रको व्यवस्थापनमा स्थानीय उत्पादन र कृषिउपजको प्रदर्शनी समेतको व्यवस्था मिलाएको छ।

उत्कृष्ट कृषिउपज प्रदर्शन गर्ने किसानलाई पुरस्कारको समेत व्यवस्था गरिएको आयोजकले जनाएको छ।

महोत्सवमार्फत जिल्लाको पहिचान दिने तथा स्थानीय उत्पादनको बिक्रीसँगै प्रचारप्रसार गर्ने उद्देश्यले स्टल राखिएको रुद्रताल सामाजिक उद्यमी महिला सहकारी जैमिनी नगरपालिका-३ दमेकका अध्यक्ष चित्रा छन्त्यालले बताए।

उनका अनुसार स्टलमा मकै, भटमास, आलु चिप्स, काँकोको गुन्द्रक, सिस्नोको पाउडर, मङ्सिरे सिमी र भाँगो बिक्रीका लागि राखिएका छन्।

"नगरपालिका र कृषि ज्ञान केन्द्रको सहयोगमा आलु चिप्स, सिस्नोको पाउडर र गुन्द्रुकको ब्राण्ड बनाएर बिक्रीका लागि महोत्सवमा आएका छौँ। बिक्रीभन्दा हेर्नेको भीड छ। कम्तीमा प्रचारप्रसार होस् भन्ने हाम्रो चाहना छ", छन्त्यालले भने, "महोत्सवले स्थानीय उत्पादनलाई प्राथमिकतामा राखेर स्टल उपलब्ध गराएकामा धन्यवाद दिन चाहान्छौँ ।" मेलामा आउने धेरैले सिस्नोको पाउडर र बाँकोको गुन्द्रक लिने गरेका उनले बताए।

अध्यक्ष छन्त्यालका अनुसार सहकारीमार्फत स्थानीय उत्पादनको बजारीकरण गर्दा दमेकका महिलालाई आयआर्जनमा सहयोग पुग्नेछ।

महोत्सवमा ताराखोला गाउँपालिकामा उत्पादित सेतो र रातो च्याउ, अल्लोको कपडा, धागो, नेपाली हाते कागज, आलु, मकै र सिल्टमुर लगायतका वस्तुलाई स्टलमा राखिएको छ। गाउँपालिकाको ताराखोला उद्यम विकासअन्तर्गत स्थानीयस्तरमा उत्पादन भएका अर्ग्यानिक वस्तुको बजारीकरण गर्न बागलुङ बजार आएको उद्यम विकास सहजकर्ता निरु घर्तीले बताउनुभयो । उहाँका अनुसार ताराखोलामा पाइने स्लेट ढुङ्गाको समेत प्रदर्शनीमा राखिएको छ।

"कतिपयलाई यहाँको स्थानीय उत्पादनका बारेमा जानकारी नभएर बजार नपाएको हुनसक्छ।

महोत्सवमा बिक्रीसँगै प्रचारप्रसार मुख्य कुरा हो। यसले प्रदर्शनीमा राखिएका स्थानीय उत्पादनको बजारीकरणमा सहयोग पुग्नेछ । आगामी नौ दिनमा स्थानीय उत्पादनको बिक्री राम्रो हुनेछ भन्नेमा आशावादी छौँ", घर्तीले भने, "मुख्य स्टल नै स्थानीय उत्पादनका भएकाले धेरैले चासो दिएर खरिद गर्ने र जानकारी लिने गरेका छन्।"

महोत्सवका माध्यमबाट स्थानीय उत्पादनको महत्त्व बढाउन सहज हुने बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नरेश कँडेलले जानकारी दिए । महोत्सवलाई गण्डकी प्रदेशस्तरीय पर्यटन, कृषि तथा औद्योगिक व्यापार मेलास्तरमा विकास गर्न लागिएको बताउँदै जिल्लामा पाइने भाँगो, गुन्द्रक र रातो च्याउलाई नेपालभर चिनाउन आवश्यक रहेको उनले बताए।

महोत्सवमा एक सय २० भन्दा बढी स्टल छन् । महोत्सव अवधिभर रू१० करोडको कारोबार गर्ने लक्ष्य आयोजकको रहेको छ भने करिब सात लाख दर्शक भित्रिने अपेक्षा गरिएको छ।

> महोत्सवलाई गण्डकीप्रदेशस्तरीय पर्यटन, कृषि तथा औद्योगिक व्यापार मेलास्तरमा विकास गर्न लागिएको बताउँदै जिल्लामा पाइने भाँगो, गुन्द्रक र रातो च्याउलाई नेपालभर चिनाउन आवश्यक रहेको उनले बताए ।

'छ प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्य प्राप्त हुने'

टुडे समाचारदाता

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले मुलुकको अर्थतन्त्र विस्तारै लयमा आएकाले छ प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्य प्राप्त हुने परिवेश बनेको बताएका छन्।

भृकुटीमण्डपस्थित काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय समाजको २०औँ वार्षिक साधारणसभाको शुक्रबार उद्घाटन गर्दै मन्त्री डा महतले पर्यटक आगमन, विप्रेषण, शेयर मूल्य, जग्गा कारोबार, राजस्व र आर्थिक गतिविधि बढ्दो स्थितिमा रहेकाले समग्र स्थिति सन्तोषजनक भएको बताए। उनले बहुवर्षीय आयोजनामा स्रोतको सुनिश्चितताका आधारमा बजेटका विनियोजन प्रणाली विकास गरी बजेटका बेथितिमाथि नियन्त्रणका साथै बैंकको ब्याजदर घट्नु र बजार मूल्यवृद्धि पाँच दशमलव पाँचबाट नबढ्नुले पनि सकारात्मक सङ्केत मिलेको स्पष्ट पार्नुभयो। मन्त्री डा महतले रातो किताबमा तोकिएकोभन्दा बाहिरबाट खर्च गर्ने स्थितिको अन्त्य गर्दै बजेट प्रणालीमा सुधार ल्याएको उल्लेख गरे।

समाजका अध्यक्ष डा नारायण खड्काले ज्ञान र सूचनाको केन्द्रका साथै मुलुकको परिवर्तन, सभ्यता र इतिहासको वैभव पनि भएकाले पुस्तकालयलाई राज्यले प्राथमिकता दिनुपर्नेमा जोड दिए। उनले सरकारले समाजका लागि बजेट कटौती गरेको, पुस्तकालयको भवनका लागि जग्गा नभएको र समाजकल्याण परिषद्ले व्यापारिक पसल सरह भाडा बढाउने गरेको समस्याबारे मन्त्री डा महतलाई अवगत गराए।

कार्यक्रममा समाजका अगुवा महेश अग्रवाल र तीर्थराज वन्तलाई सम्मान गरिएको थियो। विसं २०६० असोज ८ गते काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको सो पुस्तकालयमा वार्षिक ३० हजारभन्दा बढी पाठक आउने गरेका छन्। यसका दुई हजार चार सय वार्षिक सदस्य रहेका छन्। समाजले २०६२ सालदेखि पुस्तकालय सञ्चालन गरेको हो। पुस्तकालयमा हालसम्म ३७ हजार छ सय १४ पुस्तक उपहारस्वरुप प्राप्त भएका छन् भने चार हजार तीन सय ५१ पुस्तक खरिद गरिएका समाजले जनाएको छ।

वाल्मीकि विद्यापीठले जग्गा दिने

सोही अवसरमा वाल्मीकि विद्यापीठका प्रमुख प्रा डा भागवत ढकालले विद्यापीठको हातामा संयुक्त पुस्तकालय सञ्चालन गर्नेगरी समाजको भवन निर्माणका लागि जग्गा उपलब्ध गराउन सकिने प्रस्ताव गरे। उनले विद्यापीठका लागि पुस्तकालय बनाउन बजेट अपुग भएका बेला समाजले भवनमा स्रोत खोज्ने गरी संयुक्त पुस्तकालय सञ्चालनमा ल्याउन सकिने बताए।

मौरी पालेर वार्षिक लाखौको आम्दानी

टुडे समाचारदाता

दाङ । तुलसीपुर उपमहानगरपालिका-१० गोलौरीका ४८ वर्षीय माधव केसी व्यावसायिक रुपमा उन्नत जातका माहुरीपालन गरेर सफल माहुरी उद्यमीको रुपमा स्थापित भएका छन्।

विगत डेढ दशकदेखि सो पेसा अँगालेका केसीले तीनजनालाई पूर्णरुपमा र दुई जनालाई आंशिकरुपमा रोजगारी दिएका छन् । माहुरीपालनबाट वार्षिक रु आठ लाख बचत गर्न सफल भएको उनले बताए । सफल व्यावसायिक माहुरी पालकरुपमा परिचित केसीको दिनचर्या माहुरीका घारलाई स्याहार तथा संरक्षण, चरण र मह काड्नेदेखि बजार व्यवस्थापन हुने गर्दछ।

आजभोलि महको सिजन भएकाले उनी माहुरी कर्ममा व्यस्त छन्। कृषि क्षेत्रमा राम्रो सम्भावना देखेरै बिएसीएजीको अध्ययन पूरा गरेपछि विसं २०६२ देखि प्राकृतिक मौरीपालन फार्म खोलेर उन्नत जातको माहुरीपालन सुरुआत गरेको उनले बताए । सुरुमा २५ घार मौरीबाट व्यवसाय सुरु गरेका केसीसँग हाल तीनसय घार मेलीफेरा जातका माहुरी छन् । उनले यस वर्ष १२ टन मह उत्पादन गरी सकेको अझ उत्पादन बढ्ने बताउछन्।

माहुरीपालन व्यवसायमा सन्तुष्ट भए पनि महको बजार व्यवस्थापनमा समस्या भएको उहाँको भनाइ छ। "तोरी चरणबाट उत्पादन हुने मह फुट्करमा प्रतिकिलो रु पाँच सय र जङ्गमा चरणबाट उत्पादन भएको मह प्रतिकिलो रु आठ सयसम्म बिक्री गर्ने गरेको छु", उनले भने।

बुधबार माहुरी फार्ममा मह किन्नका लागि आएका तुलसीपुर उपमहानगरपालिका-६ का २५ वर्षीय श्याम चौधरीले आफ्नै घरआँगनमा शुद्ध मह खान पाइएको बताए। "महमा औषधीजन्य गुण पनि हुन्छ। जाडोमा पनि महको सेवन राम्रो मानिन्छ", उनले भने।

केसीले फार्ममा हालसम्म रु एक करोडसम्मसम्म लगानी गरिसकेका छन्। उनले माहुरीका घार र मह बिक्रीबाट वार्षिक रु २२ देखि २५ लाखसम्म आम्दानी गर्छन्। सबै खर्च कटाएर वार्षिक रु सातदेखि आठ लाख बचत हुने गरेको केसीले बताए।

उनी माहुरी चरणका लागि कैलालीसम्म पुग्छन्। माहुरी जोन कार्यक्रमले माहुरी र माहुरीका घार ५० प्रतिशत अनुदानमा प्राप्त भए पनि महले बजार पाउन नसक्दा समस्या भएको उनको भनाइ छ । बालीनालीमा बढ्दो विषादीको प्रयोग तथा जङ्गल निकुञ्जमा परिणत हुँदा माहुरी चरणका लागि समस्या हुने गरेको केसीको अनुभव छ। उनी भन्छन्, "सरकारले पहिलो प्राथमिकता माहुरी पालक किसानले उत्पादन गरेको महलाई खपतका लागि बजारीकरण गरिदिनुपर्छ।

हाल उनको फार्ममा माहुरीपालनका बारेमा जानकारी लिन, घार अवलोकनका लागि पनि मानिसहरु आउने गरेका छन् । नेपालमा विभिन्न देशबाट मह आयात हुने र नेपालको महभन्दा ती ठाउँबाट आयातित मह व्यापारीले सस्तो मूल्यमा बिक्री गर्दा आफूहरुले उत्पादन गरेको महले उचित मूल्य र बजार नपाएको केसीले दुखेसो पोखे।

सुन्तालाका बोट मर्न थालेपछि निराशा

टुडे समाचारदाता

डुम्रे ।तनहुँ तनहुँको देवघाट गाउँपालिका-३ ल्हुङ्गिङका सुधन रानामगर भिरालो जग्गामा केही पनि खेती नभएपछि विदेश गए । अहिले विदेशबाट फर्किएर सुन्तला खेतीमा व्यस्त छन् । सुन्तला खेतीले उनलाई करिब पाँच वर्ष कतारको बसाई र रोजगारी छाडेर गाउँ फर्काएको छ।

भिरालो जमिनमा केही पनि अन्नबाली नहुँदा विदेशिन र बसाइँसराइको विकल्प नदेखेर वैदेशिक रोजगारीमा पुगेका सुधन सुन्तलाखेती हुन थालेपछि गाउँ फर्केका हुन् । पाँच, छ वर्षदेखि सुन्तला खेतीमा लाग्नुभएको हो। विदेशमा पैसा फलिरहेको लागे पनि स्वदेशमा नै सुन फल्ने ठाउँमा रहेको उनको बुझाइ छ।

सुन फलिरहेका स्थानलाई समयमा नै पहिचान गर्न नसकेर विदेशिएको सुध्रन बताउछन्। उनी जस्तै सुन्तलाखेती हुने देवघाटका ग्रामीण क्षेत्रका अधिकांश युवा अहिले विदेश तथा बसाइँ सरे पनि फर्कनेक्रम बढेको उनी बताउछन्।

उनी भन्छन्, "सुन्तलाखेतीले नै वैदेशिक रोजगारीबाट घर फर्कन प्रेरणा मिलेको छ । केही अन्नबाली नहुँदा खानै नपाएर मरिन्छ कि भनेर विदेश गएकामा अहिले सुन्तलाखेती राम्रो हुन थालेपछि फर्किएको हो।

यही नै मुख्य आयस्रोतको बनेको छ।"

अहिले युवा विदेशिनेक्रम बढे पनि गाउँघर, परिवारसँगै बसेर काम गर्दा खुसी र रमाइलो हुने गरेको उहाँ बताउछन्।

विदेश र यहाँको दुःखमा धेरै अन्तर रहेको उनको भोगाइ छ। उनी भन्छन्, "विदेशमा पैसा फलेको छ जस्तो लाग्थ्यो । तर, होइन रहेछ यहाँको दुःखभन्दा कैयौं गुणा बढी दुःख विदेशमा भोग्नुपर्छ । यहाँसम्म कि बिरामी भएको अवस्थामा समेत आराम गर्न पाइँदैन।

अहिले बिरामी भए आराम गरी परिवारको साथमा रहेर काम गरेको आम्दानीले सुन्तलाखेतीले उत्साहित बनाएको छ।"

गण्डकी प्रदेशकै कर्णालीकारुपमा रहेको देवघाटको ग्रामीण क्षेत्रमा सुन फलिरहेको र यसको उपयोग गर्न सक्नुपर्ने उनको भनाइ छ।

त्यस्तै १० वर्ष कतारको रोजगारीबाट फर्किएर सुन्तलाखेती गरिरहेका रुपेश रानामगरले सुन्तलाले नै गाउँ फर्किन उक्साएको बताउछन् । सुन्तलाखेती राम्रो हुँदा विदेशको रोजगारीबाट फर्किएको उहाँ बताउछन्। केही नहुने ठाउँ भनेर बसाइँ सर्नेक्रम बढेकामा अहिले सुन्तलाले फर्काउन थालेको उनले सुनाए।

सुन्तला राम्रो फल्दै गर्दा उत्साहित किसान अहिले सुन्तलाको बोट मर्न थालेपछि भने फेरि विस्थापित नै हुनुपर्छ कि भन्ने चिन्ताले सताउन थालेको रुपेश बताउछन् । सुन्तलाले नै विदेशबाट फर्कायो।

झोलामा कार्यालय खुल्लामा शौचालय

राकेश यादव

गौर । रौतहट जिल्लाको राजपुर नगरपालिका-९ बैरियामा विना कार्यालयकै विद्यालय सञ्चालन भइ रहेको छ। २०७६ सालमा स्थापना भएको श्री महालक्ष्मी आधारभूत विद्यालय कार्यालय विना सञ्चालनमा रहेको पाइएको छ।

४ कक्षा सम्म सञ्चालन भइरहेको सो विद्यालयमा कक्षा कोठाकै अभाव रहेको छ। २ वटा जस्ताको छाना भएको विद्यालयको कोठा बर्षौ देखि ताल्चा बन्द भएर जर्जर अवस्थामा पुगेको छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निर्माण भइरहेको २ कोठे भवन २५ लाख रकम सकिएर अधुरो नै रहेको छ। २ कठा जग्गा मात्र भएको सो विद्यालयमा ३४४ जनाको तथ्यांक रहेको छ।

शेख अलाउदीन प्रधानाध्यापक रहेको विद्यालयमा बाल विकासमा २ शिक्षिका नीलकमल भूमिहार र चाँद तारा कार्यरत छन् । १ जना आकृति कुमारी कार्यालय सहयोगीको रुपमा कार्यरत रहे पनि प्रधानाध्यापकले कार्यालय सहयोगीको बारेमा अनभिज्ञता प्रकट गरेका छन।

करिव २५ जना बालबालिका लाइनमा उभिएर प्रार्थना गरिरहेको बेला उपस्थित भएकी १ जना शिक्षिकालाई सोध्दा विद्यालयको अवस्था दयनीय रहेको बताइन्।

भुईमा बोरा ओछ्याएर विद्यार्थीहरु पढ़ने गरेको गाथा सुनाउदै शिक्षिकाले हाजिरी रजिस्टर पनि प्रधानाध्यापकले झोलामा लिएर आउने जाने गरेको सुनाए। अधुरो भवन रहेको कारन ब्ल्याक बोर्ड पनि राखिएको छैन।

प्रधानाध्यापकले घर बाट रजिस्टर लिएर आउदा विद्यार्थीहरुको हाजिरी तथा आफ्नो हाजिरी गरिने गरेको सुनाउदै शौचालय नहुँदा खुल्लामा नै शौच गर्नुपर्ने बाध्यता शिक्षक देखि विद्यार्थीसम्मको रहेको दुखेसो पोखिन्।

पानी खानको लागि शुद्ध खानेपानीको व्यवस्था , कम्पाउण्ड वालको व्यबस्था समेत नरहेको विद्यालयमा शिक्षक कर्मचारीलाइ बस्नको लागि प्लास्टिकको ३ वटा कुर्सी मात्र रहेको छ।

साढ़े १० बजे विद्यालयमा झोलामा रजिष्टर लिएर बिद्यालयमा आएका प्रधानाध्यापक शेख अलाउदीनले भने-'विद्यालयको सुधारको लागि नगरपालिकालाई पटक पटक आग्रह गर्दा कुनै चासो नलिएको कारण यस्तो अवस्था भएको हो।'

बाल बालिकालाइ बस्नको लागि बेञ्च डेस्क ,कार्पेट , शैक्षिक सामग्री तथा दिवा खाजा पकाएर खुवाउने ठाउको अभाव रहेको उनले बताए । राजपुर नगरपालिकाका नगरप्रमुख डाक्टर राजिक आलमले नगरपालिकामा रहेका विद्यालयको अवस्था सुधारमा ध्यान केन्द्रित गरेको बताए पनि भने जस्तो विद्यालयको अवस्था चुस्तदुरुस्त देखिएको छैन।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुन्ना साह रौनियारले नगरपालिका भित्र भएका १५ सामुदायिक विद्यालयको अवस्था संतोषजनक नरहेको अनुगमनबाट देखिएको बताए।

उनले विद्यालय अनुगमन गर्दा भौतिक पूर्वाधारको कमी, खानेपानीको अभाव तथा शौचालयको अभाव देखि बेञ्च डेस्कको कमी देखिएकोले यो विषयमा कार्यपालिका बैठकमा छलफल गरिने बताए।

भन्सार छली गरी ल्याएका सामग्री बरामद

टुडे समाचारदाता

जनकपुरधाम । महोत्तरीमा प्रहरीले भन्सार छलेर ल्याउँदा गरिएका विभिन्न सामग्रीहरु बरामद गरेको छ।

जिल्लाको मटिहानी नगरपालिका वडा नम्बर ७ स्थित भारतबाट नेपाल तर्फ अबैध रुपमा भन्सार छलेर चोरी पैठारी गरिरहँदा ४५ हजार ३७० रुपैयाँका बराबरका किराना पसलका विभिन्न सामग्रीहरु प्रहरीले नियन्त्रणमा लिएको छ।

त्यस्तै मनराशिस्वा नगरपालिका वडा नम्बर १० स्थित नेपालबाट भारत तर्फ अबैध रुपमा भन्सार छलेर चोरी निकासी गरि बिआर३० आर१५६७ नम्बरको भारतीय मोटरसाइकलमा दुई कार्टुन सौफी रक्सी लैजाँदै गरेको अवस्थामा प्रहरी चौकी बथनाहा, महोत्तरीबाट खटिएको प्रहरी टोलिले फ्याालिएको अवस्थामा ३४ हजार रुपैयाँ बराबरको सोफी रक्सीको काटुन र मोटरसाईकल बरामद गरिएको महोत्तरी प्रहरीले जनाएको छ।

सोही स्थानमा छाडी फरार भएको हुँदा अं.मु.रु. ३४ हजार रुपैयाँ बराबरको थान-१ मोटरसाईकल र २ काटुन सोफी रक्सी समेत प्रहरीले नियन्त्रणमा लिई आवश्युक कारबाहीको लागि जलेश्वपर भन्सार कार्यालय मलिवारा पठाउने प्रकृया भईरहेको।

त्यस्तै औरही नगरपालिका वडा नम्बर ४ स्थित भारतबाट नेपाल तर्फ अबैध रुपमा भन्सार छली चोरी पैठारी गरि बिभिन्न किसिमका औषधीहरु ल्याउँदै गरेको अवस्थामा अस्थाई प्रहरी पोष्ट कठुधारबाट खटेको प्रहरी टोलिले २६ हजार ९३७ रुपैयाँ बराबरको औषधिहरु प्रहरीले नियन्त्रणमा लिएको महोत्तरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिए।

उनले आवश्यक कारवाहीका लागि जलेश्वरर भन्सार कार्यालय मलिवारा पठाइएको बताए।

जानकीमन्दिर कस्को?

ब्लग :

श्यामसुन्दर शशि



श्री राम जन्मभूमि तीर्थ क्षेत्र
Shri Ram Janmbhoomi Teerth Kshetra

3901
श्रध्देय पूज्य महंत श्री रामतपेश्वर दास वैष्णव जी महाराज श्री
श्रीचरणों में साष्टांग दण्डवत्।

श्रीराम जन्मभूमि, अयोध्या में बन रहे भव्य मंदिर में दिनांक 22 जनवरी, 2024 को हो रहे प्राण प्रतिष्ठा समारोह का प्राथमिक निमंत्रण सूचना पत्र संलग्न है।

सेवा में
प्राण प्रतिष्ठा कार्यालय,
अयोध्या

श्री राम जन्मभूमि तीर्थ क्षेत्र
Shri Ram Janmbhoomi Teerth Kshetra

3898
श्रध्देय पू. महंत राम रोशन दास जी महाराज श्री
श्रीचरणों में साष्टांग दण्डवत्।

श्रीराम जन्मभूमि, अयोध्या में बन रहे भव्य मंदिर में दिनांक 22 जनवरी, 2024 को हो रहे प्राण प्रतिष्ठा समारोह का प्राथमिक निमंत्रण सूचना पत्र संलग्न है।

सेवा में
प्राण प्रतिष्ठा कार्यालय,
अयोध्या

विश्व विख्यात् जानकी मन्दिर दुनियाकै हिन्दूहरुको पवित्र र पावन स्थल हो। जसको दर्शन गर्न देश विदेशबाट लाखौं श्रद्धालु आउँछन् र सीता रामको आशीष थापेर फर्किन्छन्। सन् १७०७ का मकवानी राजा इन्दुविधाता सेनले कुशविर्ता मार्फत दान दिएको १४०० विघा जग्गाको आयस्ताबाट राम र जानकी मन्दिरको व्यवस्थापन हुन्छ। भारत मध्यप्रदेशस्थित टिकमगढका महाराजा प्रतापनारायण सिंहकी महारानी वृषभानु कुंवरिले विसं १९६७ साल माघ २८ गते जानकी मन्दिर निर्माण गरेकी थिइन् । यस प्रकार झण्डै १२५ वर्षदेखि आधुनिक जानकी मन्दिरको व्यवस्थापन हुदै आएको छ। मैले आधुनिक जानकी मन्दिर भनि रहदा धेरैलाई अमिल्दो पनि लाग्न सक्ला तर यो तर्क संगत छ। कारण जानकी मन्दिरका आदि महन्त सुरदासकै पालामा मकवानी राजाले कुशविर्ता दिएका थिए अनि एउटा मन्दिरपनि निर्माण गर्न लगाएका थिए। त्यसको झण्डै दुई सयवर्ष पछिमात्र हालको जानकी मन्दिरको निर्माण भएको छ। सोझो भाषामा भनौ भने राम र जानकी मन्दिर संचालनका लागी मकवानी राजाले जग्गा दान दिए तथा टिकमगढकी महारानीले जानकी मन्दिर निर्माण गराई दिईन। मन्दिरका महन्तहरु पूजा पाठ गर्नका लागी नियुक्त गरिए। गुरु शिष्य परम्परा अनुसार महन्तहरु नियुक्त हुदै आए। यो क्रम अझै पनि जारी छ।

जानकी मन्दिरलाई विश्व सम्पदासूचिमा सूचिकृत गराउन शुरुमा वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् , त्यसपछि भोर नामक गैर सरकारी संस्था र अहिले जनकपुरधाम उपमहानगरपालिका लविङ गरिरहेको अवस्था छ। मन्दिर सौन्दर्यीकरणको नाममा मधेश प्रदेश सरकार र वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले झण्डै २० करोड खर्च गरी सकेको छ। तात्पर्य मन्दिर व्यवस्थापनको लागी एउटा राजाले भूमिदान गरे। अर्को महाराजाले मन्दिर बनाई दिए। दुई संस्थाले विश्व सम्पदासूचिमा सूतिकृत गराउँन लविङ गरे अनि यो जानकी मन्दिर कस्को भयो ? अक्षुन्न अधिकारप्राप्त संघीय सरकारको ? वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् को ? जनकपुरधाम उपमहानगर पालिकाको ? मधेश प्रदेश सरकारको ? पुरातत्व विभागको ? भोर जस्ता गैरसरकारी संघ संस्थाहरुको ? जानकी मन्दिरका महन्तको ? वा सीता राममा अशीम आस्था राख्ने विश्वका करोडौ आस्थावान सनातन धर्माम्बलम्बीहरुको ?

सीता जन्मस्थली जनकपुरधाममा निर्मित जानकी मन्दिरप्रति अपनत्व वोध गर्नु, यो सम्पदा हाम्रै हो भन्ने दावी गर्नु अनुचित होईन। एउटा आम श्रद्धालुदेखि देशी विदेशी सरकारी निकाय र संघ संस्था यस पवित्र तथा विशाल सम्पदाप्रति अपनत्व देखाउन सक्छन् तर यसो भनि रहँदा जानकी मन्दिर कुनै निकाय ,व्यक्ति वा संस्था विशेषको एकल वर्चस्व कायम हुन सक्दैन। यो विश्वका करोडौ सनातन धर्माम्बिलम्बीहरुको साझा आस्थाको केन्द्र हो। धार्मिक, ऐतिहासिक तथा पुरातात्विक पर्यटनमा रुचि राख्ने तथा यस्ता संरचनाहरुको संरक्षण गर्न सघाउने संघ संस्थाहरुको पनि साझा सम्पदा हो। साझा संस्थाको व्यवस्थापनमा रुचि लिनु, राम्रा पक्षको समर्थन गर्नु अनि नराम्रा पक्षको विरोध गर्नु सबैको अधिकार हो। कारण यो सम्पदा सबैको साझा हो। महन्त, पुजारी वा साधु सन्तमात्रको होईन तर पछिल्लो पटक जानकी मन्दिरका दुई महन्तबीच जारी अन्तरसंघर्षले जानकी मन्दिर कुनै व्यक्ति विशेषको व्यक्तिगत सम्पति हो कि ? जस्तो छनक दिएको छ। उत्तराधिकारी महन्त जनवरी २२ मा अयोध्यामा हुने श्रीराम मन्दिर उद्घाटन समारोहमा भार लिएर जान खोज्दै छन्। मुख्य महन्त आफूलाई यस विषयमा कुनै जानकारी नभएको उद्घोष गर्दैछन्। जनकपुरवासी दुई कित्तामा विभाजित छन्। यसो हेर्दा जानकी मन्दिरमा अचेल दुई जना महन्तको शासनसत्ता छ। मुख्य महन्त रामतपेश्वर दास र उत्तराधिकारी महन्त रामरोशन दास। मनोज झापनि उत्तराधिकारी महन्त बनाइएको चर्चा छ। उत्तराधिकारी सम्बन्धी विवाद सम्मानित अदालतसम्म नै पुगी सकेको अवस्था छ। फेरी अचम्म त के पनि छ भने मुख्य महन्त रामतपेश्वर दास वैष्णवले नियुक्त गर्नु भएको दुवै उत्तराधिकारी उनका सम्वन्धित हुन्।

अयोध्या भार पठाउँन तथा सहभागीहरुलाई त्यहाँसम्म लग्न लाखौं खर्च हुनु स्वाभाविक हो। यस प्रकारको खर्चलाई म व्यक्तिगत रुपमा अनुत्पादक मान्दिन तर जानकी मन्दिरभित्रै रहेको खाने पानीको एकमात्र श्रोत(चापाकल) वरिपरिको फोहर कस्ले सफा गरि दिने हो ? अयोध्या भाड पठाउन तथा विभिन्न मेला उत्सवमा लाखौं खर्च गर्न सक्ने जानकी मन्दिरका महन्तजीहरु चापाकलको साफ सफाई गर्न सक्नु हुन्न ? वर्ष भरि नेपाल र भारतमा मठ मन्दिरहरु चहारी रहनु हुने महन्तजीहरुले त्यहाँका मठ मन्दिरहरुको साफ सफाई हेर्नु भएको हो कि होईन ?

मधेश प्रदेशका मुख्यमन्त्री लालबाबू राउत मुख्यमन्त्री स्वक्षता अभियान अन्तर्गत २०७५ मंसिर दोस्रो साता जानकी मन्दिर सौन्दर्यीकरण योजनाबाटै गरेका थिए। पहिलो चरणको सौन्दर्यीकरण योजना अन्तर्गत ८ करोड वजेट विनियोजन गरिए पनि ६ करोड ७५ लाखमा ठेक्का बन्दोवस्त भएको थियो। यस योजना अन्तर्गत मन्दिरको बाहिरी र भित्री परिसरमा टायल्स र मार्वल जडान, ढल निकास, विद्युतीकरण, प्रवेशद्वार निर्माण, कम्पाउण्ड वाल वरिपरि वृक्षारोपन गर्ने थियो। तीमध्ये केही काम सम्पन्न भएको छ केही हुन बाँकी छ। तर मेरो रुचिको विषय हो- आधुनिक संरचना निर्माणले विश्व सम्पदासूचिमा सूतिकृत गर्न बाधा त पर्दैन ? कारण युनेस्कोले मौलिक सम्पदामा छेडछाड गरेको सुइको पाउँने बित्तिकै बनेको काम पनि बिग्रन सक्ने संभावना हुन्छ।

जानकी मन्दिर विश्वका सम्पूर्ण सनातन धर्माम्बिलम्बीहरुको आस्थाको केन्द्र हो। यस्ता सार्वजनिक सरोकारका विषयहरुमा संरचना निर्माण गर्नु पर्दा पुरातत्वविद्, स्थानीयवासी तथा सरोकारवालाहरुसंग सल्लाह गरेरमात्र गर्नु पर्दछ । मुख्य महन्तजीले उत्तराधिकारी नियुक्त गर्दा पनि नागरिक समाजसंग सल्लाह गर्नु उचित हुने छ।

विधान विपरीत कर्मचारीले सञ्जाललाई कब्जा गरेको आरोप

टुडे समाचारदाता

जनकपुरधाम । जानकी महिला सञ्जाल धनुषामा पदाधिकारीसहित कार्यसमितिलाई बेवास्ता गर्दै दुईजना कर्मचारीले परियोजनाको खाता परिवर्तन गराउँदै कार्यालयका सम्पूर्ण डकुमेन्टहरु नियन्त्रणमा लिएको भन्दै संस्थापक अध्यक्ष मालती ठाकुरले आपत्तिजनक जनाएकी छन्।

शास्त्री सभाकक्ष
नेपाल पत्रकार महासंघ धनुषा
जनकपुरधाम

शुक्रबार जनकपुरधाममा पत्रकार सम्मेलन आयोजना गर्दै सञ्जालका कार्यक्रम संयोजक देवकुमार महतो र लेखाअधिकृत आलोक पटेलको मिलेमतोमा सञ्जालका पदाधिकारीलाई छलेर कार्यालयसहित परियोजनाको सम्पूर्ण कागजातपत्रहरुसमेत नियन्त्रणमा लिएर संस्थाको गरिमा र विधान विपरीत कार्य गरेको संस्थापक अध्यक्ष ठाकुरले बताइन्।

महिलाहरुको विभिन्न ११ वटा संस्था मिलेर गठन गरिएको सञ्जाललाई विगतमा मित्र धनुषाले समेत छलेर तत्कालीन अध्यक्षले आफ्नो छोरासहितकालाई नियुक्त गरी ४६ लाख रुपैयाँको परियोजना नै हिनामिना गरेको आरोप उनले लगाइन्।

उनले कार्यक्रम संयोजक महतोले सञ्जालको पदाधिकारीसहित कार्यसमितिलाई समाज कल्याणको कामकारबाही गर्नुपर्ने भन्दै कार्यालय तथा परियोजनाको सम्पूर्ण कागजातहरु नियन्त्रणमा लिएको आरोप लगाइन्।

उनले सञ्जालका अध्यक्ष रिना मण्डलसहितकाले जिल्ला प्रशासन कार्यालय धनुषामा दिएको उजुरी उपर कारवाही प्रक्रिया अघि बढाउनका लागि मागसमेत गरिन् । उनले महिलाहरुको सञ्जाललाई नै कब्जामा लिएर दुई जना कर्मचारीले रकम हिनामिना गर्न खोजेको प्रस्ट भएको बताइन्।

सञ्जालका अध्यक्ष रिना मण्डल, सचिव सीमाकुमारी पण्डित र कोषाध्यक्ष लता लामालाई हटाइ नयाँ म्याइन्युट खडा गरी कार्यक्रम संयोजक महतो र लेखाअधिकृत पटेलले कार्यालय र खाता संचालनसम्बन्धी निर्णय गर्दै करिब एक लाख रुपैयाँ हिनामिना गर्न खोजेको आरोप लगाइन्।

लुम्बिनी विकास बैंकमा रहेको खातामा अध्यक्ष र कोषाध्यक्षको नाम हटाएर कार्यक्रम संयोजक महतो र लेखाअधिकृत पटेलले आफ्नो नाममा संयुक्तरुपमा खाता खडा गरी ७७ हजार ४७२ रुपैयाँ र २२ हजार ४८६ रुपैयाँ गरी ९९ हजार ९५८ रुपैयाँको दुई वटा चेक बनाएर बैंकबाट निकाल्न खोज्दा सञ्जालकी अध्यक्षसहित पदाधिकारीहरुले बैंकका प्रबन्धक र जिल्ला प्रशासन कार्यालय धनुषालाई समेत सो खाताको रकम रोक्का गर्न भन्दै आरोपित कार्यक्रम संयोजक महतो र लेखाअधिकृत पटेलमाथि कारवाहीको समेत माग गरेको छ।

महिला अधिकार मञ्च, महिला सेवा केन्द्र, दलित नारी समाज, दलित महिला उत्थान समाज, महिला संरक्षण मञ्च, धनुषा महिला समाज, प्रगतिशील नेपाल, क्षीरेश्वरनाथ महिला अधिकार संस्था, नारी विकास केन्द्र, मित्र धनुषालगायतका ११ वटा संस्था मिलेर लुज फोरमको रुपमा जानकी महिला सञ्जाल ०६४ सालमा गठन गरिएको थियो।

सञ्जाल गठन भएपछि वैदेशिक दाताहरुले समेत दलित, महिला, बालबालिका केन्द्रित गरी परियोजनासहित रकम दिन थालेपछि महिला सञ्जालमा आवद्ध घटक संस्थाहरु बीच परियोजनाको रकमलाई लिएर कर्मचारीहरुले समेत अनियमितता गर्दै आएका छन्।

खडक नगरपालिका बालविवाह मुक्त घोषणा

टुडे समाचारदाता

राजविराज । सप्तरीको खडक नगरपालिकालाई बालविवाह मुक्त पालिका घोषणा गरिएको छ । शुक्रबार आयोजित एक समारोहबीच खडक नगरपालिकालाई बालविवाह मुक्त पालिका घोषणा गरिएको छ।

नगरपालिका घोषणा सभा २०८०
नगरपालिका

कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेशका शिक्षा एवं सँस्कृति मन्त्री महेश प्रसाद यादवले बालविवाह मुक्त पालिका घोषणा लेखिएको ब्यानर अनावरण गरेर खडक नगरपालिकालाई बालविवाह मुक्त नगरपालिका घोषणा गरे।

बालविवाह मुक्त पालिका घोषणा गर्न नगरका सबै ११ वटै वडामा गरिएका विभिन्न कार्यक्रम र अभियानका क्रममा स्पष्ट सूचक प्राप्त भएकाले त्यसैकै आधारमा यस्तो घोषणा गरिएको नगरपालिकाका मेयर जयप्रकाश चौधरीले बताए।

बालविवाह मुक्त घोषणा हुने खडक जिल्ला तथा मधेश प्रदेशकै दोस्रो पालिका भएको छ। यसअघि सप्तरीको सुरुङ्गा नगरपालिकालाई बालविवाह मुक्त पालिका घोषणा गरिएको थियो।

सो अवसरमा मन्त्री यादवले सप्तरी आफ्नो गृहजिल्ला समेत भएको तथा प्रदेशमै बालविवाह मुक्त घोषणा हुने पहिलो र दोस्रो दुबै पालिका सप्तरीकै हुनु आफ्नो लागि पनि गर्वको विषय भएको बताए। भविष्यमा सप्तरी बालविवाह मुक्त पहिलो जिल्ला बन्न समेत सफल होस् भन्ने शुभकामनाका साथ उनले आफू मधेश प्रदेशलाई नै बालविवाह मुक्त प्रदेश बनाउन चाहेको र यसमा सबै पक्षको सहयोग आवश्यक रहेको बताए।

मेयर जयप्रकाश चौधरीले यसअघि नगरभित्रका ४१ सामुदायिक विद्यालय, १६ वटा आमा समूह, ११ वटा स्वास्थ्य चौकी, ३ वटा कृषक समूह र ५० वटा बालक्लब तथा नगर संजालले आ-आफ्नो स्थानबाट बालविवाहविरुद्धको चेतनामूलक कार्यक्रमहरु अभियानकै रुपमा सञ्चालन गरेको बताए।

यस्तै पालिकामा बसोवास गर्दै आएका विभिन्न समुदायका प्रतिनिधि तथा अभिभावक समेतले सन्तानको २० वर्ष नपुगि विवाह नगर्ने नगराउने, कतै भए रोक्ने र बहिष्कार गर्ने लगायतका प्रतिबद्धता समेत गरेको उनले बताए।

उक्त पालिकामा ९ हजार ४ सय ३२ घरधुरी रहेको छ। प्रत्येक घरधुरीमा घरदैलो कार्यक्रम मार्फत समेत सचेतना कार्यक्रम गरिएको अभियानका सहयोगी संस्था सबल नेपालका सिनियर म्यानेजर अशोक साहले बताए।

घोषणा सभामा प्रमुख प्रशासकीय अधिकृत हरेन्द्र कुमार श्रेष्ठले बालविवाह मुक्त नगगरपालिका घोषणा प्रतिवेदन २०८० प्रस्तुत गरे। घोषणासभाको बीचबीचमा विभिन्न विद्यालयका बालबालिकाहरुद्वारा सचेतनामूलक नृत्य, गीत तथा नाटक प्रस्तुत गरिएको थियो।

खडक नगरपालिकाले २०८० साल भित्र बालबाविवाह मुक्त नगर घोषणा गर्ने लक्ष्यका साथ सबल नेपाल र सेभ द चिल्ड्रेनको सकार्यमा विभिन्न कार्यक्रमहरु संचालन गर्नुका साथै ११ वटै वडामा बालविवाहविरुद्धको बृहत अभियान नै संचालन गरेको थियो।

नगर प्रमुख चौधरीको अध्यक्षतामा आयोजित घोषणा सभामा जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, नगर बाल संजालकी अध्यक्ष मन्जुला कुमारी साह, सेभ द चिल्ड्रेन मधेश प्रदेशका प्रमुख धन भुषाल, सबल नेपाल सप्तरीका अध्यक्ष जुना गिरी, पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव, सुरुङ्गा नगरपालिकाका मेयर गीता चौधरी लगायतले बधाई तथा घोषणाको सफल कार्यान्वयनका लागि शुभकामना दिएका थिए।

जाडो मौसममा हुने सवारी दुर्घटनाको जोखिमबाट बचौं ।

- सावधानीपूर्वक सवारी साधन चलाऔं।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं. १०० र १०३ मा खबर गरौं।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८